# आलिताल गाउँपालिकाको दश वर्षीय गाउँ शिक्षा योजना

## आ. व. २०८१/ ०८२-२०९०/० ९१

**आलिताल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भीमदत्तपुर, डडेल्धुरा**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

## संरक्षक

श्री शेर सिंह पार्की -गाउँपालिका अध्यक्ष

श्री मैना कुमारी रावल (बोहरा) -गाउँपालिका उपाध्यक्ष

श्री नरेन्द्र सिह ठगुन्ना -प्रमुख प्रशासकीय अधिकृत

## योजना अद्यावधिक कार्यदल

श्री कुम्वर वुढा -संयोजक

श्री मान बहादुर रावत - सदस्य

श्री ईन्द्र बहादुर साउद - सदस्य

श्री मान सिंह साउद - सदस्य

श्री विरुउदय जंग सिह विष्ट - सदस्य

श्री जानकी विष्ट - सदस्य

श्री देवराज पन्त- - सदस्य सचिव

# हाम्रो भनाई

आ.व. २०७८/०७९ मा आलिताल गाउँपालिकाले १० वर्षे गाउँ शिक्षा योजना स्वीकृत गरी कार्यन्वयनमा ल्याएको भएता पनि सो योजनामा भएका कतिपय प्रावधान संशोधन गरी समय सापेक्ष वनाउने हेतुले आलिताल गाउँपालिकाले १० वर्षे शिक्षा योजनालाई अद्यावधिक गरिएको छ । वि.स. २०७८ मा स्विकृति भएको गाउँ शिक्षा योजनालाई शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले प्रकाशन गरेको स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन, २०७९ लाई समेत आधार बनाई आलिताल गाउँपालिकाले आ.व. २०८१/०८२ मा अद्यावधिक गरिएको छ । प्रस्तुत योजनामा शिक्षा क्षेत्रको शैक्षिक, भौतिक, मानवीय र आर्थिक अवस्था चित्रण गर्नुका साथै आगामी १० वर्षमा शिक्षा क्षेत्रमा गरिने सम्पूर्ण कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न मार्गनिर्देशन गर्ने हेतुले तयार पारिएको हो । यस गाउँ शिक्षा योजनामा आलिताल गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रका तथ्याङ्क प्रस्तुत तथा विश्लेषण गरी आगामी १० वर्षमा शिक्षा क्षेत्रमा के कस्ता कार्यक्रम सञ्चालन गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिन्छ सो को व्यवस्थापनमा मार्ग दर्शन यस योजनाले गर्नेछ अर्थात आगामी १० वर्षमा आलिताल गाउँपालिकामा सञ्चालन गरिने शिक्षा सम्वन्धी कार्यक्रम यसै योजनालाई आधार मानेर गरिने छन । यस गाउँ शिक्षा योजनामा प्रयोग गरिएका तथ्याङ्कहरु विश्वासनिय तथा शुद्ध वनाउने प्रयास गरिएको छ । यस गाउँ शिक्षा योजनामा आलिताल गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको तथ्याङ्क प्रस्तुत तथा विश्लेषण गरी तालिकावद्ध रुपमा समावेश गरिनुका साथै आगामी १० वर्षमा गरिने शिक्षा सम्वन्धी योजना तथा कार्यक्रम समावेश गरिएकाले शिक्षा क्षेत्रका अनुसन्धानकर्ता र संघ , प्रदेश र स्थानीय तहका कार्यालयमा सन्दर्भ सामाग्रीका रुपमा प्रयोगमा ल्याउन सहयोगी हुने विश्वास छ ।

शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शनमा आधारित रही गाउँ शिक्षा योजना अद्यावधिक कार्यमा सहयोग गर्नु हुने जनप्रतिनिधि, पृष्ठपोषण उपलब्ध गराउनुहुने सवै विज्ञहरु, शिक्षा समितिका सदस्यहरु, प्रधानाध्यापकहरु, सबै सरोकारवाला शिक्षा योजना लेखन कार्यदलका सम्पुर्ण सदस्यज्युहरु र योजना अद्यावधिक गर्ने कार्यमा प्राविधिक सहयोग गर्ने सामुदायिक विकास केन्द्र (CDC) डोटी प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
भीमदत्तपुर, डडेल्धुरा

**विषय प्रवेशः** ........ १
**परिच्छेद १ परिचय** ........ ४
१.१ वर्तमान अवस्था........ ४
१.२ मुख्य समस्या ........ ७
१.३ अवसरहरु ........ ९
१.४ चुनौतीको विश्लेषण ........ १०
**परिच्छेद २ दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ........ १२
२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ........ १२
२.२ दूरदृष्टिः ........ १५
२.३ लक्ष्यः ........ १५
२.४ उद्देश्य ........ १६
२.५ रणनीतिहरुः ........ १७
२.६ कार्यनीतिः ........ १८
२.७ अपेक्षित उपलब्धिः ........ १९
२.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्न मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः ........ १९
**परिच्छेद ३ शिक्षाका मुख्य उपक्षेत्र** ........ २५
३.१ प्रारम्भिक बालविकास र शिक्षाः ........ २५
३.२ आधारभूत शिक्षाः ........ २८
३.३ माध्यमिक शिक्षा ........ ३१
३.४ प्राबधिक शिक्षा तथा व्यवसायिक तालिम ........ ३४
३ ५ अनैपचारीक शिक्षा र आजिवन सिकाइ ........ ३६
**परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्र** ........ ३९
४.१ पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री र मूल्यांकन ........ ३९
४.२ शिक्षक व्यवस्थापन र विकास ........ ४३
४.३ शैक्षिक समता र समावेशिकरणः ........ ४७
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ४९
४.५ विद्यालय सुरक्षा विपत न्युनीकरण तथा उत्थानशीलता ........ ५१
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ५३
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ५५
**परिच्छेद ५ सुशासन तथा व्यवस्थापन** ........ ५९
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ ५९
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ ६१

**परिच्छेद ६  लगानी र स्रोत व्यवस्थापन** ........................................................................ ६३
**परिच्छेद   अनुगमन तथा मुल्याङ्कन** ........................................................................ ७१
**मुख्य उपलब्धि सूचकहरु** ........................................................................ ७३

**क) विषय प्रवेश**

नेपालमा विद्यालय तहको शिक्षाको विकासका लागि १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । शैक्षिक क्रियाकलापहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी विद्यालयमा अध्ययनरत बालबालिकाहरुको सिकाइ उपलब्धि वढाउन, पढाइको अवस्थामा सुधार ल्याउन एवम् शिक्षामा सबैको समान पँहुच, सहभागिता र गुणस्तर सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । ज्ञान, विज्ञान तथा प्रविधिमा भएको आमूल परिवर्तनलाई आत्मसात गर्ने र आलिताल गाउँपालिकाको तथा देशको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि उपयोगी जनशक्ति विकासका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन शिक्षा सम्बन्धी योजना आवश्यक देखिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भए पश्चात आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भै रहेका छन् । अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हाँसिल गर्नका लागि आलिताल गाउँपालिकाले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकताहरूलाई प्राथमिकतामा राखी वि.स. २०७८ नै स्वीकृति भएको शिक्षा योजना अद्यावधिक गरिएको हो ।

**ख) शिक्षा योजना निर्माणको आवश्यकता**

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरुलाई संघीय संरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यक देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहको लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । संविधानले दिएको अधिकारलाई कार्यान्वयन गर्नको लागि सबै स्थानीय तहहरुले शिक्षा योजना निर्माण र कार्यान्वयन चरणमा प्रवेश गरेको छ । विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** तयार गरेको छ । यसै परिबेशमा सबै स्थानीय तहहरूले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नु पर्ने आवश्यकतालाई महशुस गरी स्थानीय शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने अहिलेको आवश्यकता हो ।

**ग) स्थानीय तहको शिक्षा योजना निर्माणको औचित्य**

- तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न ,
- संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरुलाई योजनामा आधारित वनाइ व्यवस्थापन, परिचालन र उपयोग गर्न ,
- कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता, आदि जस्ता समस्याहरूलाई न्यूनीकरण गर्न ,
- साझा विषयहरुमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ,

**घ) योजना निर्माणका आधार**

आलिताल गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजहरुलाई मूल आधार मानिएको छ।

- नेपालको संविधान।
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ तथा नियमावली २०७७।
- विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन र नियमावली।
- विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) ।
- शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, सोह्रौं योजना लगायत आवधिक योजना।
- दीगो विकास लक्ष्य राष्ट्रिय प्रारूप।
- स्थानीय विकास योजना।
- स्थानीय तहको मध्यमकालिन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा वजेट।
- Recovery and Accelerated Learning (ReAL) Plan२०२३-२०२८।
- विद्यालय शिक्षामा समता रणनीति।
- राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८।
- विद्यालयगत भए गरेका आयव्यय विवरण ।
- अन्य सरकारी र गैरसरकारी संघसंस्थाहरूको शिक्षासम्बन्धी कार्यक्रमहरू, आदि l

स्थानीय शिक्षा योजना निर्माण गर्दा गाउँपालिकाले अन्य क्षेत्रमा निर्माण गरेका विभिन्न योजनाहरूलाई, विद्यालय सुधार योजना र नमूना विद्यालय विकास योजनालाई मध्यनजर गरी यस्ता विभिन्न योजनाहरूबीचको अन्तरसम्बन्धमा जोड दिईएको छ । यसका साथै शिक्षा योजना निर्माण गर्दा गाउँपालिकाले बालमैत्री, लैङ्गीकमैत्री र अपाङ्गमैत्री, प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार निर्माण गरी अनुकुल सिकाइ वातावरणको सुनिश्चितता गरीएको छ।

**ङ) शिक्षा योजना निर्माण प्रक्रिया**

शिक्षा क्षेत्रको आमुल परिवर्तनका लागि व्यवस्थित तथा योजनावद्ध कार्यक्रमको आवश्यकता पर्दछ। कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरुपलाई कार्यान्वयन तहसम्म पुग्राउन प्रतिफल दिने प्रक्रियाहरुको मिश्रित स्वरुप योजना हो। बिगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकोले सबै तथ्यगत, वस्तुगत विश्लेषणका आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु आफैमा कठिन र चुनौतीपूर्ण छ। गाउँपालिकाको शिक्षा योजना अद्यावधिक गर्दा सामाजिक विकास समिति संयोजकको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन गरी, लिखित जिम्मेवारी बाडेर योजना लेखन अद्याबधिक गर्ने कार्य गरीनुका साथै गाउँपालिकाका सरोकारबालाहरुको सहभागितामूलक प्रक्रिया अबलम्बन गरीएको हो। योजनासँग सम्बन्धित सरोकारबालाहरु, विषय क्षेत्रको विज्ञ तथा गाउँपालिका अध्यक्ष उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित शाखा प्रमुख, विद्यालय वा अन्य व्यक्तिहरुबाट सहभागी गराईएको थियो। आलिताल गाउँपालिका शिक्षा योजनाको अद्यावधिक गर्दा गाउँपालिकाले तपसिल वमोजिमको प्रक्रिया नै अवलम्बन गरीएको थियो।

- गाउँ कार्यपालिकाको वैठक।
- योजना निर्माण समितिको गठन।
- गाउँ/टोल तथा वडाहरू र अन्य सरोकारवालाहरु (विद्यालय प्र.अ./शिक्षक,वि.व्य.स., सरकारी/गैर सरकारी संघ-संस्था आदि) सँगको भेला र छलफल र पृष्ठपोषण।
- मस्यौदा तयारी।

- मस्यौदा उपर सुझाव संकलन ।
- योजनाको अन्तिम रुप ।
- बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा ।
- योजनाको स्वीकृती र कार्यान्वयन ।

# परिच्छेद १

१. **परिचय**

नेपालको शिक्षामा आम नागरिकको पहुँचमा सहजता तथा शिक्षालाई जिवनपयोगी, व्यवसायिक तथा प्रतिस्पर्धी बनाउनका लागि शिक्षासँग सम्बन्धित विभिन्न नीति, नियम तथा कार्यक्रमहरु सञ्चालन भएका छन्। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरेको छ । त्यसै गरिव, सुविधाविहिन सीमान्तकृत, तथा अपांङ्गता भएका बालबालिकालाई समेत कानुन बमोजिम निःशुल्क शिक्षाको हक प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार माध्यमिक तहसम्मको अधिकार स्थानीय तहलाई प्रदान गरेकोले स्थानीय सरकारले पाएको अधिकार कार्यान्वयन गर्न तथा शिक्षा मार्फत समृद्ध आलिताल गाउँपालिका निर्माणका लागि सुनिश्चित गर्न बनिसकेको गाउँ शिक्षा योजना अद्यावधिक गरिएको हो। स्थानीय तहको शिक्षा योजना बनाउन महत्वपूर्ण छ किनकि तीन तहको सरकारले पर्याप्त वजेट सहित शैक्षिक योजना, नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याएपनि प्रभावकारी रुपमा कार्यान्वयनमा कमी कमजोरी भएको हुनाले अपेक्षित नतिजा हासिल गर्न नसकिएकोले पनि स्थानीय तहका शिक्षासँग सम्बन्धित सरोकारबालहरु सबैको सक्रिय सहभागितामा समग्र गाउँपालिकाको शैक्षिक तथ्याङ्कको वास्तबिक विश्लेषण गरी वस्तुपरक यथार्थपरक र कार्यान्वयन गर्न सकिने योजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरेमा गाउँपालिकाको शैक्षिक अवस्थामा सुधार ल्याउन सकिन्छ।

यसै गरी दिगो विकासका लक्ष्यहरु (SDGs) प्रति नेपालको प्रतिवद्धता, सोह्रौ योजनाको आधारपत्र, सन २०२२ सम्म अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रुपमा स्तरोन्नति गर्ने संकल्प, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ११(ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ ओटा अधिकार स्थानीय तहलाई प्रदान गरेकोले शिक्षासँग सम्बन्धित उपलब्ध श्रोत साधनहरुको उचित प्रयोग गरी आलिताल गाउँपालिकाको शैक्षिक अवस्थामा सुधार ल्याउन आवश्यक देखिन्छ।

## १.१ वर्तमान अवस्था

नेपालको संविधानले प्रारम्भिक बालविकास शिक्षा, आधारभूत तह, माध्यमिक विद्यालय तह तथा अनौपचारिक शिक्षाको प्रमुख जिम्मेवारी स्थानीय सरकारलाई दिएकाले विद्यालयमा अध्ययनरत बालबालिकाहरुको सिकाइ उपलब्धि बढाइ उनीहरुको पढाइको अवस्थामा सुधार ल्याई सर्वसुलभ गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नका लागि गाउँ शिक्षा योजनाको अद्यावधिकको आवश्यकता परेको हो। आलिताल गाउँपालिकाले गुणस्तरीय, प्रतिस्पर्धी, रोजगार उन्मुख, वैज्ञानिक, जीवनोपयोगी शिक्षामार्फत गाउँपालिकाको र देशको विकासमा योगदान पुर्याउने जनशक्ति उत्पादन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

नेपालको संविधानअनुसार संघीय गणतन्त्रात्मक प्रणाली सुरु भएसँगै संघ, प्रदेश र स्थानीय तह गरी तीन प्रकारका सरकारहरु क्रियाशील रहेका छन् । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको अधिकारहरुको स्थानीय तहका सरकारहरु कार्यान्वयनको अभ्यासमा छन् । संघीय शिक्षा सम्वन्धी कानुनहरुसँग नवाझिने गरी आलिताल गाउँपालिकाले गाउँ शिक्षा ऐन समेत कार्यान्वयनमा ल्याएको छ । संविधानले प्रदत्त गरेका शिक्षा सम्वन्धी हकहरुलाई सुनिश्चित गर्दै परिवर्तित राज्यको संरचना अनुकुल समयसापेक्ष शैक्षिक गतिविधिहरुलाई समेटेर ज्ञान,विज्ञान तथा प्रविधिमा भएको आमूल परिवर्तनलाई आत्मसात गर्ने र दक्ष,योग्य जनशक्ती तयार गरी देशको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि योगदान पुर्याउनका लागि

अहिलेको शिक्षा योजना अद्यावधिक गरी प्रभावकारीरुपमा कार्यान्जयन गर्नुपर्ने देखिन्छ । यस गाउँपालिकामा विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप, महामारी तथा अन्य जोखिमबाट समग्र शिक्षा क्षेत्रमा उत्पन्न हुने जोखिमलाई न्यूनिकरण गर्न सक्षम, उत्थानशील शिक्षा पद्दतिको विकासलाई समेत प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ ।

विद्यालयको समग्र पक्षको सुधार गर्न पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया, मूल्याङ्कनमा समयसापेक्ष परिमार्जन, शैक्षिक लगानीमा वृद्धि गर्नुका साथसाथै शिक्षक, विद्यार्थी, अभिभावकहरुको थप सक्रियता संलग्नता बढाइ शिक्षाका क्षेत्रमा भएका तमाम कमी कमजोरी सुधार गर्दै राज्यको पुनसंरचना तथा विकेन्द्रीकरणको अवधारणा अनुरुप आफ्नो पालिकाको शिक्षाको विकास आफै गरौ भन्ने उद्देश्यले स्थानीय तहमा रहेर शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ध्येयले यो योजना अद्यावधिक गरिएको छ ।

नेपालको संविधान निर्माण भइसके पश्चात यस गाउँपालिकाले समेत जनताबाट निर्वाचित सरकार गठन भएर कानुनी तथा व्यवस्थापकीय संरचनासहित गाउँपालिकाको शैक्षिक सुधारका सवालमा काम गरिरहेको छ । गाउँपालिकाको शिक्षा विकासमा सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्खिक र शासकीय स्वरुपको प्रभाव रहने भएकाले यो शिक्षा योजना निर्माणका क्रममा यी सन्दर्भहरुको सामान्य समिक्षा गरिएको छ ।

**(क) भौगोलिक अवस्थितिको विश्लेषण**

डडेल्धुरा जिल्लाको दक्षिणी भागमा अवस्थित यो गाउँपालिका सािवकका आलिताल र गाङ्खेत गाउँ विकास समितिलाई मिलाएर बनेको यो गाउँपालिकाको नामाकरण यस क्षेत्रकै ठुलो र प्रसिद्ध ताल आलितालबाट गरिएको हो, जुन ताल वडा नं. ३ मा पर्दछ । आलिताल गाउँपालिका २८°५९" देखि २९°१४" उत्तरी अक्षांश तथा ८०°२६" देखि ८०°३७" पूर्वी देशान्तरमा अवस्थित रहेको छ । हावापानी मूल रुपमा समशीतोष्ण प्रकारको छ । पूर्वमा डोटी जिल्ला, पश्चिममा परशुराम गाउँपालिका, उत्तरमा अमरगढी गाउँपालिका र भागेश्वर गाउँपालिका तथा दक्षिणमा कैलाली र कञ्चनपुर जिल्लाको विचमा रहेको आलिताल गाउँपालिकाको जम्मा क्षेत्रफल २९२.८७ वर्ग कि.मि.तथा जनसंख्या १८,११२ रहेको छ नेपालको कुल क्षेत्रफलको ०.१९९ प्रतिशत भुभाग आलिताल गाउँपालिकाले ओगटेको छ । यस गाउँपालिकाको केन्द्र साविकको आलिताल गाउँ विकास समितिको कार्यालय रहेको स्थान जुन वडा नं. ५ भीमदत्तपुरमा रहेको छ । यस आलिताल गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन् । यस गाउँपालिकाको प्रशासनिक केन्द्रका रुपमा आलिताल गाउँ कार्यपालिकाको कार्यालय रहेको छ जुन वडा नं. ५ मा भीमदत्तपुर छ भने ८ वटै वडामा रहेका वडा कार्यालयहरु (वडा नं. १ हर्तोला, वडा नं. २ गाङ्खेत, वडा नं. ३ चौडवण्डाले वडा नं. ४ भीमनगर वडा नं. ५ बाहिरीसैन, वडा नं. ६ धिमडा वडा नं. ७ झरकाँडा र वडा नं. ८ डोला) बाट पनि गाउँपालिकाले सेवा प्रवाह गर्दै आएको छ । गाउँ कार्यपालिकाको कार्यालयमा विभिन्न विषयगत कार्यक्रमहरु कार्यान्वयन गर्न विषय सम्बद्ध शाखाहरुको व्यवस्था गरिएको छ ।

**(ख) जनसाङ्खिक सरचनाको बिश्लेषण**

२०७८ सालको जनगणना अनुसार आलिताल गाउँपालिकाको जनसङ्ख्या यस प्रकार रहेको छ

- पुरुषः ८७५६ (४८.३%)
- महिलाः ९३५६ (५१.७%)
- जम्माः १८११२
- घरधुरी ३७१०

### (ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

यो गाउँपालिका भित्र ब्राह्मण, क्षेत्री, दलित, मगर लगायत विभिन्न जातजातिको वसोबास रहेको छ । यसैगरी धर्मको आधारमा हेर्दा हिन्दु धर्मको वाहुल्यता रहेको छ । भाषागत रुपमा हेर्दा डोटेली भाषा वोल्नेको संख्या सबैभन्दा बढी रहेका छन् । यस गाउँपालिकामा विभिन्न कारणले शिक्षाको अवसरहरुबाट वञ्चित भएकाहरुलाई शिक्षामा सहज पहुँच र सहभागिता अभिवृद्धि गर्नका लागि शैक्षिक निति तथा कार्यक्रमहरु आवश्यक देखिएको छ । विद्यालयमा सबै बालबालिकाहरुको सहज पहुँचमा सहजता, बालमैत्री वाताबरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु अहिलेको आवश्यकता हो ।

### ( घ) आर्थिक अवस्थाको विश्लेषण

गाउँपालिकाको आम्दानीको श्रोत सिमित भएको हुदा संघीय र प्रदेश सरकारको आर्थिक सहयोगको अपेक्षा गरिरहनुपर्ने वाध्यता रहेको छ । गाउँपालिकको राजश्व संकलन गर्ने स्रोत कम भएकाले राजश्व संकलनमा मन्दी छ । आन्तरिक राजश्वको स्थिति ओरालो लागेको अबस्था छ । मुख्य पेशाको रुपमा कृषि रहेको यस गाउँपालिकामा पशुपालन, व्यापार व्यवसाय, वैदेशिक रोजगारीबाट समेत गरी जीवन निर्वाह गरिरहेका छन् ।

### (ङ) शैक्षिक अवस्थाको विश्लेषण

आलिताल गाउँपालिकाको साक्षरता ८१.०३% रहेको छ । यस आलिताल गाउँपालिकामा हाल प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्म पठनपाठन हुन्छ जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

**सञ्चालित कक्षाहरु अनुसार विद्यालयहरुको बिबरण**

| सञ्चालित कक्षाहरु अनुसार विद्यालयहरुको विवरण | | | | | | प्रारम्भिक बालविकास केन्द्रहरु | |
|---|---|---|---|---|---|---|---|
| कक्षा (१-३) | कक्षा (१-५) | कक्षा (१-८) | कक्षा (१-१०) | कक्षा (१-१२) | जम्मा | नेपाल सरकार सशर्त अनुदान | गाउँपालिकाको आफ्नै स्रोतबाट सञ्चालित |
| १५ | १२ | ७ | ५ | ४ | ४३ | २७ | २६ |

**स्रोतः IEMIS 2081, आलिताल गाउँपालिका, डडेल्धुरा**

यस आलिताल गाउँपालिका अन्तर्गत ४३ वटा सामुदायिक विद्यालयहरु तथा २ वटा संस्थागत विद्यालयहरु गरी जम्मा ४५ वटा विद्यालयहरु रहेका छन् । यस गाउँपालिकामा रहेका कुल ५३ प्रारम्भिक बालविकास कक्षाहरु मध्ये नेपाल सरकारको ससर्त अनुदानबाट २७ वटा तथा गाउँपालिकाको अनुदानबाट विद्यालयमा आधारित २६ जम्मा ५३ वटा प्रारम्भिक बालविकास कक्षाहरु सञ्चालनमा छन् । सामुदायिक सिकाइ केन्द्रहरु २ वटा रहेका छन् । प्रारम्भिक बालविकास कक्षामा जम्मा ५३ जना सहजकर्ता / बालविकास शिक्षक रहेका छन् । आधारभूत तह (कक्षा १-५) मा स्थायी दरवन्दीमा ७१ राहत दरवन्दीमा ३६, गाउँपालिका अनुदान १३, आधारभूत तह (कक्षा ६-८) मा स्थायी दरवन्दीमा २० राहत दरवन्दीमा ६, शिक्षण सहयोग अनुदान ६ गाउँपालिका अनुदान २९, माध्यमिक तह (कक्षा ९-१०) मा स्थायी दरवन्दीमा ६ राहत दरवन्दीमा ६,शिक्षण सहयोग अनुदान १७ गाउँपालिका अनुदान १८, माध्यमिक तह (कक्षा ११-१२) मा राहत दरवन्दीमा ४ गाउँपालिका अनुदान ४ जना शिक्षकहरु कार्यरत रहेका छन भने गाउँपालिका अनुदानमा २६ जना शिक्षकहरु कार्यरत रहेका छन् । सामुदायिक सिकाइ केन्द्रमा २ जना परिचालक कार्यरत छन् ।

**विद्यार्थीहरुको कक्षागत विवरण,२०८१**

| कक्षा/ विद्यार्थी | छात्रा | छात्र | जम्मा | कैफीयत |
|---|---|---|---|---|
| बालविकास | २५८ | ३०३ | ५६१ | |

| | | | | |
|---|---|---|---|---|
| कक्षा १-५ | ९४७ | १०१६ | १९६३ | |
| कक्षा ६-८ | ५९३ | ५६५ | ११५८ | |
| कक्षा ९-१० | ३५४ | ३२० | ६७४ | |
| कक्षा ११-१२ | २२२ | १७७ | ३९९ | |
| जम्मा | २३७४ | २३८१ | ४७५५ | |

**अपाङ्गता भएका विद्यार्थी विवरण,२०८१**

| कक्षाहरु → | बालविकास | | | कक्षा (१-८) | | | कक्षा (९-१२) | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अपाङ्गताको किसिम ↓ | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| शारीरिक | १ | १ | २ | ३ | ० | ३ | १ | १ | २ | ७ |
| बौद्धिक | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | १ |
| सुनाई सम्बन्धी | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | १ |
| दृष्टिविहीन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| न्युन दृष्टिविहीन | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | १ |
| श्रवण दृष्टिविहीन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १० |

**सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा बालविकास सहजकर्ताको विवरण**

| विद्यालयको तह | स्थायी | राहत/स शर्त | गाउँपालिका अनुदान | शिक्षण सहयोग अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| बालविकास केन्द्र | ० | २७ | २६ | ० | ५३ |
| आधारभूत (कक्षा १-५) | ७१ | ३६ | १३ | ० | १२० |
| आधारभूत (कक्षा ६-८) | २० | ६ | २९ | ६ | ५५ |
| माध्यमिक (कक्षा ९-१०) | ६ | ६ | १८ | १७ | ४७ |
| माध्यमिक (कक्षा ११-१२) | ० | ४ | ४ | ० | ८ |
| जम्मा | ९७ | ५२ | ६४ | २३ | **२८३** |

**स्रोतः IEMIS 2081, आलिताल गाउँपालिका, डडेल्धुरा**

### १.२ मुख्य समस्या

आलिताल गाउँपालिका अन्तरगत विभिन्न विद्यालयहरुको अनुगमन, सरोकारवालाहरुसँगको विभिन्न समयमा गरिएका वैठकहरु र वर्तमान शैक्षिक अवस्था समेतलाई विश्लेषण गर्दा यस गाउँपालिकाका शिक्षा सम्वन्धी मुख्य मुख्य मुद्दा तथा समस्या र सुझावहरू क्षेत्रगत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### १.२.१ भौतिक सुविधातर्फः

- विद्यालयको भौतिक संरचनाहरू बालमैत्री, लैङ्गिकमैत्री अपाङ्गतामैत्री र प्रविधिमैत्री हुन नसकेको ।
- विद्यालयमा खेलमैदानको र घेराबारको अभाव रहेको ।
- विद्यालयहरूमा पुस्तकालय र विज्ञान प्रयोगशाला र उपयुक्त कक्षाकोठाका अभाव रहेको ।
- विद्यालयहरू भूकम्प प्रतिरोधी र प्राकृतिक प्रकोपबाट सुरक्षित नरहेका ।

- विद्यालयको सम्भावित जोखिमको आँकलन गरी त्यसको लागि आवश्यक पूर्व तयारी, प्रतिकार्य एवम् उद्धारका लागि पर्याप्त तयारी नगरिएको।

**१.२.२ जनशक्ति व्यवस्थापनतर्फ**

- तहगतरुपमा विषयगत शिक्षकको अभाव रहेको।
- शिक्षकले तालिममा सिकेका ज्ञान, सिप कक्षा कोठामा प्रभावकारी रुपमा प्रयोग नभएको।
- शिक्षकहरुमा पेशागत क्षमताको विकास हुन नसकेको।
- प्रधानाध्यापकमा नेतृत्व तथा संस्थागत क्षमताको विकास कमी देखिनु।
- कार्यसम्पादनका आधारमा पुरस्कार र दण्डको व्यवस्था नभएको।
- प्रधानाध्यापकले पनि दैनिक ५-६ घन्टी पढाउनु पर्दा प्रशासनिक पक्षमा खासै ध्यान दिन नसकेको।

**१.२.३ विद्यार्थी र शिक्षण सिकाइतर्फः**

- विद्यार्थीहरू विद्यालयमा नियमित उपस्थित नहुने ।
- सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्दै गएको।
- सिकाइ उपलब्धि सन्तोषजनक नरहेको।
- विद्यार्थीहरुमा नैतिकताको विकास हुन नसकेको।
- विद्यालयहरूलाई सिकाइ उपलब्धिका आधारमा उत्प्रेरणाको व्यवस्था गर्न नसकिएको।
- सामुदायिक विद्यालयहरूमा अभिभावकको चाहना अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन नसकेको।
- विद्यार्थीको निरन्तर मुल्याङ्कन हुन नसकेको ,।
- छात्रालाई घरायसी काममा लगाउँनाले पठनपाठन प्रकृयामा प्रयाप्त समय दिन नसक्नु।
- विद्यालय शिक्षा पूरा नगरी विद्यार्थीहरुले विद्यालय छाडने गरेको।

**१.२.४. अभिभावक तर्फः**

- अभिभावकहरूमा शैक्षिक सचेतनाको अभाव।
- सबै सामुदायिक विद्यालयका शिक्षक, सरकारी कर्मचारी र सार्वजनिक पद धारण गरेका जनप्रतिनिधिका सन्तानहरू सामुदायिक विद्यालयमा नपढ्ने गरेका।
- विद्यालयका कार्यक्रमहरूमा अभिभावकको न्यून उपस्थिति हुने गरेको।
- अभिभावकहरूले बालबालिकालाई घरमा उपयुक्त पढ्ने वातावरण दिन नसक्नु।
- एउटै अभिभावकले पनि संस्थागत र सामुदायिक विद्यालयमा पठाउने बालबालिकाको बीचमा र छोरा तथा छोरीको विचमा पनि भेद गर्ने गरेको।

**१.२.५ व्यवस्थापन र आर्थिक पक्षतर्फः**

- विद्यालयमा आन्तरिक श्रोतको कमीले व्यवस्थापन समय सापेक्ष गर्न नसक्नु।
- विद्यालयको नियमित र प्रभावकारी अनुगमन हुन नसकेको।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ खासै सक्रिय हुन नसकेको।
- विद्यालयहरूको लेखा व्यवस्थापन चुस्त दुरुस्त नहुनु।

**१.२.६ हाल सञ्चालित मुख्य कार्यक्रमहरू**

आलिताल गाउँपालिकाले शिक्षाको गुणस्तर सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आई रहेको छ। विद्यालयको भौतिक संरचना निर्माण तथा आन्तरिक तथा वाह्य वातावरण सुदृढ गर्दै बालबालिकाको उच्चतम सिकाइ बृद्धि गर्न तथा समग्र गाउँपालिकाको शैक्षिक सुधारका लागि प्रयत्न गरिरहेको छ।

**१.२.७ शिक्षक व्यवस्थापनः**

सामुदायिक विद्यालयहरुमा शिक्षकहरुको अभाव हुन नदिने उद्देश्यले गाउँपालिकाले शिक्षक व्यवस्थापनका लागि शिक्षक अपुग भएका विद्यालयहरुलाई अनुदान दिने गरेको छ। शिक्षकको क्षमता अभिवृद्धिः शिक्षकलाई प्रयाप्त ज्ञान तथा क्षमताको कमी भएमा कक्षाकोठाको शिक्षण सिकाइ प्रभावकारी हुँदैन त्यसको प्रत्यक्ष असर गुणस्तरीय शिक्षामा असर देखिन्छ र समयानुसार गाउँ प्रविधि आइरहेको अवस्थामा त्यस्ता प्रविधिमा शिक्षकको क्षमता विकास गरी शिक्षण क्रियाकलापमा गुणस्तर कायम गर्ने कुरालाई आत्मसाथ गर्दै यस गाउँपालिकाले आबश्यकता अनुसार शिक्षकलाई पेशागत क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरेको छ।

**१.२.८ विद्यालयको गुणस्तरीय शिक्षाका लागि सुपरीवेक्षणः**

विद्यालयहरुको सुपरीवेक्षण तथा अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने तथा आवश्यक अनुसार प्रधानाध्यापकको बैठकमा शैक्षिक सुधारका लागि प्राविधिक छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ। शिक्षकहरुका पेशागत सहयोग गर्न गाउँपालिका स्तरीय बिज्ञ समूह गठन गरिएको छ। प्रारम्भिक पहिचान सम्बन्धी बालविकास देखि कक्षा ३ सम्मको कार्यक्रम सञ्चालन गरी कार्यक्रम सम्पन्न गरिएको छ। यसमा अभिभावक, शिक्षक र बालबालिकासँगको अन्तरक्रिया तथा छलफलका आधारमा पहिचान गर्ने कार्य गरिएको छ यसबाट पनि शैक्षिक गुणस्तर सुधारमा महत्वपूर्ण भूमिका रहेने छ।

**१.२.९ सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापनः**

अधिकांस माध्यमिक तथा आधारभूत तह सञ्चालित विद्यालयहरुमा ICT ल्यावको व्यवस्थापन गरी शैक्षिक गुणस्तर सुधारमा सहयोग पुगेको छ।

**१.२.१० पुस्तकालय व्यवस्थापनः**

विद्यार्थीहरुलाई खोज तथा अध्ययन गर्ने बानीको विकास गर्ने उद्देश्यले सबै माध्यमिक विद्यालयहरुमा आ.व. २०८१/०८२ मा पुस्तकालय स्थापना गरि सकिएको छ भने आधारभूत तहमा पुस्तकालय व्यवस्थापनका लागि अनुदान दिने कार्यक्रम गाउँपालिकाले लिएको छ।

**१.२.११ अन्यः**

माथिका अतिरिक्त सञ्चालनमा रहेका यस गाउँपालिकाको शिक्षा क्षेत्रमा देखिएका विभिन्न समस्याहरू तत्काल र दीर्घकालीनरुपमा समाधान गर्ने प्रयासका रुपमा हाल कार्यान्वयनमा रहेका केही कार्यक्रमहरू निम्नानुसार छन्

- विद्यार्थी भर्ना अभियान
- विद्यालयमा भौतिक विकास निर्माण (भवन ,पुस्तकालय ,फर्निचरसहित कक्षा कोठा ,विज्ञान प्रयोगशाला, ICT प्रयोगशाला, वास सहितको शौचालय )
- विद्यालय शिक्षा क्षेत्र योजना कार्यक्रम
- छात्रवृत्ति र प्रोहत्सान अनुदान
- प्रति विद्यार्थी लागत अनुदान
- शिक्षण सिकाइ सुधार अनुदान
- विद्यालय तथा कक्षा अनुगमन निरीक्षण/सुपरिवेक्षण
- दिवा खाजा (प्रारम्भिक बालविकासदेखि कक्षा पाँचसम्म)
- सामुदायिक विद्यालयमा छात्राका लागि स्यानेटरी प्याड वितरण
- सरकारी र विभिन्न गैरसरकारी सँघसँस्थाबाट आयोजना तथा सञ्चालन गरिने कार्यक्रमहरू

**१.३ अवसरहरु**

संघीयता सहितको नेपालको संविधान र उक्त संविधानको अनुसुची ८ मा उल्लेखित कार्याधिकार प्रस्तुत योजना निर्माण र कार्यान्वयनका लागि प्रमुख अवसर हो भने वडा देखि स्थानीय तहसम्म सवैतिर निर्वाचित

जनप्रतिनिधिको प्रमुख कार्यक्षेत्रमा शिक्षा पर्नु ठूलो अवसरको रुपमा रहेको छ । यस क्रममा यस गाउँपालिकाको शिक्षा क्षेत्रमा तमाम चुनौतिका विच तपसिल वमोजिमका अवसरहरु रहेको पाइन्छ ।

- संविधानले बालबालिकाको अधिकार र शिक्षालाइ बालबालिकाको मौलिक अधिकारका रुपमा स्वीकार गर्नु ।
- संघीय संरचना अनुसार गाउँपालिकाले शिक्षा क्षेत्रको सुधारका लागि आवश्यक नीति, नियम निर्माण तथा वजेटको व्यवस्थापन गर्नु ।
- आधारभूत तहको शिक्षा अनिवार्य तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क गर्न कानुनी आधार निर्माण भएको ।
- शिक्षा गुणस्तर सुधारका लागि जस्तैः शिक्षकको व्यवस्थापन, तालिम तथा अन्य शैक्षिक सामग्री सहयोग गरेको छ ।
- शिक्षा व्यवस्थापनमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा राष्टिय शिक्षा निति २०७६ व्यवस्था हुनु ।
- आधारभूत तहमा अनिवार्य तथा निशुल्क र माध्यमिक तहमा निशुल्क शिक्षाको लागि कानुनी र नीतिगत व्यवस्था हुनु ।
- प्राय सबै विद्यालयमा बालकक्षाहरु सञ्चालनमा रहनु ।
- गुणस्तरीय शिक्षाको लागि सबै अभिभावकहरुको उच्च चाहना रहनु ।
- संविधानतः प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई रहनु ।
- विभिन्न शैक्षिक योजना सबैको स्वामित्वमा निर्माण हुनु ।
- शिक्षक सेवा आयोगबाट सक्षम,योग्य शिक्षकहरु सिफारिस हुदै जानु ।
- सारक्षता दर,भर्नादर तथा टिकाउदरमा वृद्धि हुनु ।
- माध्यमिक तहसम्मको शिक्षामा पहुँच र निरन्तरतामा वृद्धि हुनु ।
- विद्यालयहरुको संस्थागत संरचनाहरु सन्तोषजनक रहनु ।
- शिक्षकलाइ पेशागत क्षमता विकासको लागि तालिमको व्यवस्था हुनु ।
- तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य हुनु ।

### १.४ संम्भावित अवसरहरुको कार्यान्वनमा आइपर्न सक्ने चुनौती

यस आलिताल गाउँपालिका अन्तरगत विभिन्न विद्यालयहरुको अनुगमन, सरोकारवालाहरुसँगको विभिन्न समयमा गरिएका बैठकहरु र वर्तमान शैक्षिक अवस्था समेतलाई विश्लेषण गर्दा यस गाउँपालिकाका शिक्षा सम्बन्धी मुख्य चुनौतीहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

- बालविकास केन्द्रमा न्युतम सिकाइ मापदण्ड पूरा गर्न ।
- आधारभूत तहका विद्यालयको न्युनतम आवश्यकताहरु पूरा गर्न ।
- विद्यार्थीहरुले विद्यालय छोड्ने दर न्युनीकरण गर्न ।
- सबै बालबालिकालाई विद्यालयको पहुँच पुर्याउन ।
- अभिभावकको संलग्नता बढाउन ।
- वालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न ।

- माध्यमिक तहको शिक्षा प्रभावकारी रुपमा कार्यान्वयन गर्न ।
- सबै विद्यालयमा सूचना, प्रविधि तथा सञ्चारको पहुँच पर्याउन ।
- माध्यमिक तहमा प्राविधिक शिक्षाको पहुँच, बिस्तार तथा गुणस्तरमा अभिबृद्धि गरी प्राविधिक तथा व्यवसायिक शिक्षालाई सर्बसुलभ बनाउन ।
- संकटकालीन अवस्थामा सिकाइलाई निरन्तरता दिन ।

# परिच्छेद २ : दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## १. परिचय

नेपालको शिक्षामा आम नागरिकको सहज पहुँच र सहभागिता वृद्धि गर्न तथा शिक्षालाई व्यावसायिक, जिवनोपयोगी तथा प्रतिस्पर्धी बनाउनका लागि शिक्षासँग सम्बन्धित बिभिन्न नीति, नियम तथा कार्यकंमहरु सञ्चालन भएका छन् । नेपालमा विद्यालय तहको शिक्षाको विकासका लागि तीनवटै तहका सरकारहरुले शिक्षा क्षेत्रमा १० बर्षे शिक्षा योजना निर्माण गरिरहेका छन् । बालबालिकाहरुको सिकाइ उपलब्धि बढाइ, समग्र शैक्षिक गुणस्तरमा सुधार ल्याउनको लागि योजनाको निर्माण गर्नु अहिलेको आवश्यकता हो । हामी विभिन्न प्रकोप, महामारीका विचबाट जादै गर्दा विपद तथा जलवायु परिवर्तन, हरित विद्यालयसँग सम्बन्धी विषयबस्तुलाई समेत समावेश गरी योजना निर्माण गर्नु जरुरी देखिन्छ ।

तीनै तहको सरकारले बनाएका योजनालाई आधार मानी गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण गरी योजनामा लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप सहित स्रोतको प्रवन्ध, सही सदुपयोग, अपेक्षित उपलव्धि प्रतिविम्बित हुन जरुरी छ । सरोकारबालाहरु सबैसँग समन्वय गरी उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग गरी आलिताल गाउँपालिकाले शिक्षाको समग्र विकासमा आमुल परिवर्तनका लागि गाउँ शिक्षा योजना तयार गर्ने प्रयत्न गरेको हो । दिगो विकासका १७ वटा साझा लक्ष्यहरुमध्ये ४ नम्बरमा रहेको शैक्षिक लक्ष्य जसमा सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितता गरिने कुरा उल्लेख गरेको छ । त्यो साझा प्रतिवद्धताको पक्ष राष्ट्र नेपाल पनि भएकाले यस गाउँपालिकाले पनि उक्त लक्ष्य पुरा गर्न तथा राष्ट्रिय उपलव्धि प्राप्त गर्न समेत यो योजनाको आवश्यकता परेको हो ।

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजहरुको बारेमा माथि परिचय खण्डमा छलफल गरिसकिएको छ । यस खण्डमा हाम्रो पालिकाको शैक्षिक योजना कार्यान्यनबाट के के प्राप्त गर्ने तथा के के उपलव्धिहरू हासिल गर्ने भन्ने बारेमा प्राविधिक कार्यहरू गर्दछौ । जसमा हाम्रो शैक्षिक योजनाको लक्ष्यहरु निर्धारण गर्दछौ तर यी कार्यहरू गर्नुपूर्व तथा कार्यहरूको दौरानमा हामीले माथि उल्लेखित नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजहरुको प्रावधानहरुलाई योजनाको लक्ष्यहरुमा प्रतिविम्वित गर्नु अनिवार्य हुन्छ । यसका लागि हाम्रा नीति, ऐन, नियम, र अन्य सम्वन्धित दस्तावेजहरुमध्ये केहीमा उल्लेख भएका प्रावधानहरुलाई निम्नानुसार प्रस्तुत गरिएका छन् ।

#### २.१.१ संवैधानिक प्रावधानहरु:

धाराः ३१

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा वहिरा र स्वर वा बोलाईसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
- नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून वमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

धारा ५१ राज्यका नीतिहरुः (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः

- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,
- शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,
- उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,
- नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,
- यसैगरी धारा ३८ को महिलाको हक सम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हक सम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हक सम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हक सम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ।

**२.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन**

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी बिद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्यांकन र नियमन,
- मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको बितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान,
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्यूसन, कोचिङजस्ता विद्यालय वाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक बिद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।
- गाउँपालिका आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ।
- योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशिकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।
- योजना वनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछः
- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्धन गर्न सघाउ पुर्याउने,
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने।
- योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्नेछ।
- अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नु पर्दछ।

**२.१.३ संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):**

क) आयोजना तर्जुमा र कार्यान्वयनः

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा संघीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्नेछ।

- संघले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्न सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ अनुसार रहनु पर्ने विषयहरू

- दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चार बर्ष पूरा भई तेह्र बर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ।
- चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नु पर्नेछ।
- दफा १४ अनुसार वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने। आधारभूत तह
- दफा १५ अनुसार अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने। माध्यमिक तह
- दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने।
- दफा १७ मा प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था।
- दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा।
- दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने।
- पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रवन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था।
- साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकता अनुसार क) सामुदायिक सिकाइ केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम। (नियम ३)
- आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्दछ। (नियम ४)
- माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाइ शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम। (नियम ५)
- छात्रवृत्ति तथा विशेष व्यवस्था। (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधा सहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामग्री, आदि)। (नियम ६)
- जनआन्दोलन, सशस्त्र संधर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोशाक तथा स्टेशनी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्नेछ

### २.२ दूरदृष्टि

सभ्य, सक्षम, प्रतिष्पर्धी, व्यावहारिक तथा सिपयुक्त जनशक्ति निर्माण गरी आर्थिक तथा सामाजिक रुपान्तरण र न्यायपूर्ण समाजको निर्माणमा टेवा पुऱ्याउने।

### २.३ लक्ष्य

विद्यालयमा सबै बालबालिकाहरु समान पहुँच र सहभागिता अभिवृद्धि गरी सक्षम, प्रतिष्पर्धी तथा सिपयुक्त जनशक्ती उत्पादन गरी गाउँपालिकाको आर्थिक सामाजिक विकासमा सहयोग पुर्याउने ।

**२.४ उद्देश्य**

- विद्यालयमा सबै बालबालिकाहरुको लागि समान पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
- विद्यालयमा उपलब्ध भएका श्रोत साधनको उचित प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी बालबालिकाको सिकाइ उपलब्धि अभिवृद्धि गर्नु ।
- शैक्षिक सचेतना कार्यक्रम सञ्चालन गरी अभिभावकहरुको संलग्नता अभिवृद्धि गर्नु ।
- आधारभूत तहको शिक्षा अनिवार्य तथा माध्यमिक तहको शिक्षा निशुल्क गरी सबै बालबालिकाको पढ्न पाउने अधिकारको सुनिश्चितता गर्नु ।
- माध्यमिक तहको शिक्षालाई वैज्ञानिक, गुणस्तरीय, जीवनपर्यन्त, तथा जीवन उपयोगी र प्रविधिमैत्री शिक्षा कायम गर्नु ।
- स्थानीय परिवेश, संस्कृति, परम्परा अनुरुप स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नु ।
- विद्यालयमा बालमैत्री, लैङ्गीकमैत्री तथा अपाङ्गता मैत्री वातावरणको सुनिश्चितता गर्नु ।
- औपचारिक शिक्षाबाट वञ्चित बालबालिका, युवा, प्रौढ लाई अनौपचारिक तथा बैकल्पिक शिक्षाको माध्यमद्वारा शिक्षाको मुल धारमा ल्याउनका लागि सुनिश्चितता गर्नु ।
- विद्यालयमा सुशासन,पारदर्शिता,उत्तरदायित्व र जवाफदेहिताको विकास कायम गरी सरोकारवालाहरुको सहभागीता बढाउनु ।
- आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा बालबालिकाको शिक्षाको अधिकार र अवसर सुनिश्चित गर्नु ।
- गाउँको वर्तमान शैक्षिक अवस्था (साक्षर, शिक्षित र निरक्षर) पत्ता लगाउँनु र सबै नागरिकलाई साक्षर वनाउन विभिन्न कार्यक्रमको सुनिश्चितता गर्नु ।
- शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम प्रदान गर्नु ।
- विद्यार्थीहरुको पढाइको अवस्थामा सुधार ल्याउन सरोकारबालाहरुको आवश्यक सुपरिवेक्षणमा जोड दिनु ।
- विद्यालयमा समावेशिकरणलाई उच्च प्राथमिकता दिनु ।
- शैक्षिक तथ्याङ्कलाई भरपर्दो,विश्वासिलो र ब्यबस्थित बनाउनु ।
- व्यावसायिक सिपयुक्त तथा प्राविधिक शिक्षाको व्यवस्था गर्नु ।
- बालमैत्री वाताबरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी विद्यालय छाड्ने दरमा कमी ल्याउनु ।
- निरन्तर मुल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्नु ।
- शिक्षक व्यवस्थापनमा सुधार गर्नु ।
- सबै विद्यालयहरुलाई आधुनिक प्रविधिमैत्री वनाउनु ।
- स्वस्थ जीवनयापनमा सधाउ पुर्याउन हरित विद्यालय बनाई खेल तथा योग शिक्षामा जोड दिनु ।
- विद्यालयमा विपद जोखिम न्युनीकरण र जलवायु परिवर्तन सम्बन्धी योजना बनाउनमा जोड दिने ।
- विद्यालयलाई हरित विद्यालय बनाउनमा जोड दिनु ।

**२.५ रणनीति**

माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्नका लागि विभिन्न रणनीतिहरु तय गरिएको छ । तय गरिएका उद्देश्य प्राप्त गर्न प्राथमिकतामा आधारित तपसिल बमोजिमको रणनीतिहरु कार्यान्वयन गरिने छ ।

- प्रारम्भिक बालविकास कक्षाहरुमा न्युनतम सिकाइ मापदण्डमा आधारित रहेर शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गरिने छ ।
- एक वडामा एक नमुना विद्यालयको अवधारणा कार्यान्वयन गरिने छ ।
- संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच तथा सहभागीताको सुनिश्चितता गरिने छ ।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा माध्यमिक शिक्षालाई निःशुल्क गरी सबै बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गरिने छ ।
- संघ तथा प्रदेश सरकारको समन्वय तथा सहजीकरणमा स्थानीय सरकारले विद्यालयको भौतिक पूर्वाधार विकास, शैक्षिक, आर्थिक विकासको व्यवस्थापन गर्दै सबै बालबालिकाको शिक्षाको पहुँचको सुनिश्चितता गरिने छ ।
- शैक्षिक गुणस्तरमा तथा व्यवस्थापनमा अभिवृद्धिको सुनिश्चितता गरिने छ ।
- स्थानीय परिवेश, आवश्यकता, सामाजिक, संस्कृति अनुरुप स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिने छ।
- विद्यालयको नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका सरोकारबालाको क्षमता अभिवृद्धि गरिने छ ।
- बालबालिकाको स्वास्थ्य र पोषणका लागि सरोकारवालासँग समन्वय र सहकार्य गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम लागु गरिने छ ।
- प्रत्येक वडाको अग्रणी विद्यालयलाई शैक्षिक सम्पर्क विद्यालयको रुपमा कायम गरिने छ । साथै दक्ष तथा अनुभवी शिक्षकलाई सम्पर्क शिक्षक वडागत रुपमा तोकिने छ ।
- शिक्षकको शैक्षिक क्षमता अभिवृद्धि गर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तालिम, कार्यशाला, अभिमुखीकरण कार्यक्रम, बैठक, अन्तरक्रिया कार्यक्रम पालिका स्तरमा सञ्चालन गरिने छन् ।
- विशेष शिक्षा आवश्यकता भएका बालबालिकाहरुका लागि विशेष कक्षा सञ्चालन गर्न पहल गरिने छ ।
- विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी छात्रवृत्ति, शैक्षिक सामग्री उपलब्ध गराई उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिइने छ ।
- कार्य सम्पादनका आधारमा प्रत्येक बर्ष उत्कृष्ट शिक्षक छनौट गरी पुरुस्कृत गरिने छ ।
- रणनीतिक योजना कार्यान्वयनको अवस्था मापन गरी आवधिक प्रतिवेदन तयार गर्न गाउँपालिका स्तरमा अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन समिति गठन गरिने छ ।
- शिक्षाको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि गाउँपालिका स्तरमा विज्ञ रोष्टर समूह गठन गरी परिचालन गरिने छ ।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी सामाजिक परिचालनका कार्यक्रममा सहभागी गराइने छ ।
- बालबालिकाको पठन सिप अभिवृद्धि गर्न वडास्तरमा र पालिकास्तरमा पढाइ प्रतियोगिता सञ्चालन गरी विद्यार्थीहरु तथा अभिभावकहरुको संलग्नतामा बढाउनमा जोड दिईने छ ।

- विद्यार्थीहरुलाई राष्ट्र समाज प्रति उत्तरदायित्व बोध गर्नका लागि अनिवार्य रुपमा माध्यमिक तहका विद्यार्थीहरुलाई स्काउट, रेडक्रस जस्ता मानवीय कार्य र गतिविधिमा संलग्न गराइने छ।
- स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्री निर्माण र प्रयोगमा जोड दिइने छ। मूल्याङ्कनको आधार बनाइने छ।
- आपतकालिन अवस्थामा पनि सिकाइलाई निरन्तरता दिन विद्यालयमा प्रविधिको पहुँच पुर्याई क्षमता अभिबृद्धि गर्ने।
- शिक्षाको गुणस्तर सुधारका लागि सहकार्य, सह-अस्तित्वको अवधारणा अनरुप नीति निर्माण, स्रोत बाँडफाँड तथा लगानीका लागि संघ, प्रदेश सरकारसँग सहकार्य गरिने छ।
- स्थानीय तहमा स्रोतकेन्द्र र निरीक्षण क्षेत्रको अवधारणा लाई सक्रियताका साथ कार्यविधि निर्माण गरी सञ्चालन गरिने छ।
- वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारीमूलक शिक्षा मार्फत सिर्जनशील, प्रतिस्पर्धी र राष्ट्रप्रति जिम्मेवार जनशक्ति तयार गरिने छ।
- बालविकास केन्द्रका सहजकर्ताका लागि सहजीकरण तालिमको व्यवस्था गरिने छ।
- खेल प्रशिक्षकहरुलाई सबै बिद्यालय सम्म पुग्ने वातावरण सृजना गर्ने र विद्यार्थीहरुलाई खेल योगाभ्यास र सह क्रियाकलाप सञ्चालनका जोड दिइनेछ।
- कार्यरत शिक्षकहरुलाई आधुनिक प्रविधि सम्वन्धी तालिमको व्यवस्था गरिने छ।
- विपद जोखिम न्युनीकरण र जलवायु परिवर्तन सम्बन्धि योजना वनाई कार्यान्वियन गरिनेछ।
- स्वस्थ्य वातावरण निर्माण गर्नको लोगी विद्यालयमा वोट विरुवाहरु रोपेर हरित विद्यालय बनाउन जोड दिईने छ।

**२.६ कार्यनीति**

- सबै बालवालिकाको सामाजिक, सास्कृतिक विविधता सम्वोधन गर्दै, बिशेष गरी बालविकासमा मातृभाषामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी, बालबालिकाहरुको समान पहुँच तथा सहभागिता सुनिश्चितता गरिनेछ।
- विद्यालयमा विद्यार्थी टिकाइ राख्न र कक्षा छाड्ने समस्या निराकरण गर्न दिवा खाजा, छात्रवृत्ति लगायत प्रोत्साहन मूलक कार्यक्रम निरन्तरता दिइनेछ।
- विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण गरी अपुग शिक्षक गाउँपालिकाले गाउँ शिक्षक नियुक्त गरी विद्यार्थीको पढाइ सुनिश्चित गरिनेछ।
- संघीय र प्रदेश सरकारसँग लागत साझेदारी कार्यक्रममार्फत बालमैत्री, लैङ्गीकमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा जोड दिइनेछ।
- स्थानीय परिबेश अनुसार स्थानीय पाठ्यक्रम सशोंधन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- शिक्षकलाई सूचना तथा सञ्चार प्रविधि सम्बन्धी ज्ञान सिप दिई क्षमता विकास गरिनेछ।
- असहाय, सुविधाबिहिन सीमान्तकृत, तथा अपांङ्गता भएका बालबालिकालाई लागि विशेष प्राथमिकता दिई आवश्यकताका आधारमा त्यस्ता बालबालिकाहरुलाई आधारभूत देखि माध्यमिक तहसम्म निशुल्क शिक्षा दिइनेछ।

- विद्यार्थीको पढाइको अवस्थामा सुधार ल्याउनको लागि पठन सीप विकास तथा गणितिय सीप विकासका क्रियाकलापहरुलाइ विद्यालयमा नियमित गरिनेछ।
- कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन उपलव्ध शैक्षिक सामग्रीहरु प्रयोग गर्नमा जोड दिई कक्षा अवलोकन, मूल्याङ्कन, पृष्ठपोषण जस्ता कार्यहरुमा प्राथमिकता दिईनेछ।
- विद्यालयहरुमा सिकाइ कुना, पुस्तकालय, प्रयोगशालाको व्यवस्था गर्न आवश्यक जोड दिईनेछ।
- कक्षाकोठा व्यवस्थापनका साथसाथै स्थानीय शैक्षिक सामाग्री निर्माण गरी त्यसको उचित प्रयोग गरी बालमैत्री वातावरणमा शिक्षाण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ।
- अभिभावकहरुको लागि सचेतना अभियान सञ्चालन गरी विद्यालयमा विद्यार्थीको नियमित उपस्थितिको लागि पहल गर्ने
- विद्यालयमा प्रकोप जोखिम न्युनिकरण र जलवायु परिवर्तन रोकथामको लागि योजना बनाउन लगाउँने।
- आपतकालिन अवस्थामा समेत शिक्षालाइ निरन्तरता दिन विद्यालयलाइ प्रविधिमैत्री बनाउने,शिक्षकहरुलाइ तालिम प्रदान गर्ने
- सामुदायिक सिकाइ केन्द्रहरुमार्फत निरन्तर सिकाइ कार्यक्रम निरन्तरता दिइनेछ।
- प्राविधिक शिक्षा सञ्चालन गर्नका लागि प्रदेश तथा संघीय सरकारसँग गरिने छ।
- अनौपचारीक तथा आजीवन सिकाइ कार्यक्रमहरु सञ्चालन गरिने छ।
- सबै विद्यालयलाई हरित विद्यालय बनाउनका लागी पहल गर्ने।

### २.७ अपेक्षित उपलब्धि

यो शिक्षा योजना लागु भएपश्चात यस गाउँपालिकाको शिक्षा क्षेत्रमा तपसिलका उपलब्धिहरु प्राप्त भएको हुनेछ

- सबै बालबालिकाको विद्यालय शिक्षामा समान पहुँच सुनिश्चित भएको हुने छ।
- माध्यमिक शिक्षा गुणस्तरीय,जीवनोपयोगी र प्रविधिमैत्री भएको हुने छ।
- बालमैत्री, लैङ्गीकमैत्री तथा अपाङ्गमैत्री भौतिक पुर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार भएको हुने छ।
- स्थानीय पाठ्यक्रम समय सापेक्ष संशोधन गरी प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने छ।
- विषयगत रुपमा र कक्षागत रुपमा शिक्षकहरुको दरबन्दी व्यवस्थापन भएको हुने छ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने छ।
- अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरु सुनिश्चित भएको हुने छ।
- आपतकालिन अवस्थामा पनि विद्यार्थीहरुको सिक्ने पाउने अधिकारको सुनिश्चित गर्दै बैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने छ।
- विद्यालयमा विपद जोखिम न्युनीकरण र जलवायु परिवर्तन सम्बन्धि योजना बनेको हुने छ।
- हरित विद्यालय बनाउनका लागि प्रत्येक विद्यालयमा वृक्षारोपण भएको हुने छ।

### २.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक

गाउँपालिकाको योजनामा सर्बसम्मत रूपमा सहमत गरिएका शैक्षिक उद्देश्यहरू र शिक्षाका विकासात्मक लक्ष्यहरू प्राप्तिका लागि तर्कसंगत रुपमा गरिएका निर्णयहरूका आधारमा भविष्यमा गरिने क्रियाकलापहरुको

कार्यान्वयनको बारेमा उल्लेख गरिएको छ l राष्ट्रिय शैक्षिक बिकासको ढाँचाका आधारमा योजनाले के के हासिल गर्न खोजेको हो भन्ने सरोकार र प्रावधानहरुलाई मूल विषयहरु बनाई आधार वर्षको शैक्षिक अवस्थाको गहन विश्लेषण साथै हाल उपलब्ध स्रोतहरूको प्रारम्भिक मूल्याङ्कनबाट प्राप्त सूचकगत नतिजाहरुको आधारमा भावी लक्ष्यहरू निदान गर्नु पर्दछ l लक्ष्य निर्धारण प्रक्रियाले शिक्षा क्षेत्रमा गर्नुपर्ने सुधारहरूको पक्षलाई समग्र विकास ढाँचामा जोड्न योजनाकारहरूको दृष्टिकोणलाई प्रतिविम्बित गर्दछ। शैक्षिक विकासका लक्ष्यहरूको किटान गर्दा वर्तमान अवस्थाको सही विश्लेषण गरी हाल हासिल भइरहेका उपलब्धिहरु र सम्बन्धित विषय क्षेत्रमा देखिएका समस्या तथा कमजोरीहरू र तिनको प्राथमिकताहरूलाई ध्यान दिनुपर्दछ। योजनाका लक्ष्यहरू मात्रात्मक हुन्छन

## २.९ लक्ष निर्धारण

गाउँपालिकाले १० वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । जसमा उक्त योजनाको कार्यान्वयनबाट गाउँपालिकाले कुन कुन क्रियाकलापहरु सञ्चालन गर्ने र त्यसको प्राप्तिको लक्ष्य के कति राख्ने भनी मुख्यमुख्य कार्यसम्पादन सूचकहरुको विकास र तिनको लक्ष्यहरू निर्धारण गरेको छ । आगामी २ वर्ष, ३ वर्ष र ५ वर्षहरुका लागि तोकिएका ती सूचकगत राष्ट्रिय लक्ष्यहरू सहितको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। तालिकामा प्रस्तुत सूचकहरूको आधारमा बर्तमान अवस्था विश्लेषण गर्न विकास गरिएका र दिगो विकास लक्ष्य ४ को National Indicator Framework (NIF) मा उल्लेखित सूचकहरुबाट मुख्यमुख्य कार्यसम्पादन सूचकहरु तय गरिएकाले गाउँपालिका तहको शिक्षा योजनामा पनि यस तालिकामा उल्लेखित सूचकहरू राखिएको छ।

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१ प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ८४.३ | ८८.४ | ९२.१ | १०० | | IEMIS |
| | | प्रदेश | ८३.६ | ८९.२ | ९३.५ | १०० | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | १०० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ८०.२ | ८५.८ | ९२.६ | ९७.० | | IEMIS |
| | | प्रदेश | ८०.४ | ८५.२ | ९५.१ | ९९.२ | | |
| | | राष्ट्रिय | ८८.६ | ९३.० | ९५.० | १००.० | | |
| **२ आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ८६.६ | ९६.६ | ९८.९ | १०० | | IEMIS |
| | | प्रदेश | ८५.९ | ८६.२ | ९८.६ | १०० | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १११.८ | १०९.६ | १०७.१ | १०५.० | | IEMIS |
| | | प्रदेश | १०७.४ | १०६.६ | १०५.९ | १०५.० | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* | स्थानीय | ९५.८ | ९६.५ | ९७.९ | १०० | | IEMIS |
| | | प्रदेश | ९६.२ | ९७.८ | ९८.२ | १०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (%) | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ११३.८ | ११०.२ | १०७.८ | १०५.० | | IEMIS |
| | | प्रदेश | ११४.४ | १११.३ | १०८.८ | १०५.० | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | ११०.८ | १०५.० | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९६.५ | ९७.० | ९८ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूल प्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९२ | ९२.५ | ९४ | ९६ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८८.५ | ९०.० | ९५.५ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | १२.५ | १० | ८ | ५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १.०२ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९४.८ | ९६.५ | ९८.१ | १०० | | IEMIS |
| | | प्रदेश | ९५.४ | ९७.३ | ९९.१ | १०० | | |
| | | राष्ट्रिय | ९३.४ | ९८.२ | ९९.० | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११०.९ | १०६.५ | १०३.७ | १०० | | |
| | | प्रदेश | ११४.२ | ११०.६ | १०५.९ | १०० | | |
| | | राष्ट्रिय | ११०.४ | १०६.९ | १०३.१ | १०० | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ७९.२ | ८२.५ | ८८.० | ९५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ७१.२ | ७७.० | ८५.० | ९५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | १.०१ | १.०० | १.०० | १.०० | १.०० | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | ०.० | ०.० | ०.० | ०.० | | गाउँपालिका |
| | | | प्रदेश | ३.२ | १.५ | ०.३ | ०.० | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | |
| | | आधारभूत | स्थानीय | ८.० | ६.५ | ४.४ | २.५ | | गाउँपालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (कक्षा १-८) | प्रदेश | **६.९** | **४.५** | **२.५** | **०.८** | | |
| | | राष्ट्रिय | **६.६** | **४.०** | **१.०** | **०** | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | **४१.०** | **४४.०** | **४७.०** | **५०.०** | | गाउँपालिका |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **४३.७** | **४५.०** | **५०.०** | **५०.०** | | |
| ३ | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | **५४.६** | **६५.३** | **७९.१** | **९०.०** | | IEMIS |
| | | प्रदेश | **५५.३** | **६९.०** | **८२.२** | **९०.०** | | |
| | | राष्ट्रिय | **४७.६** | **६४.५** | **८०.८** | **९०.०** | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | **६८.७** | **७९.१** | **९०.१** | **९९.०** | | IEMIS |
| | | प्रदेश | **७४.४** | **८१.६** | **९१.५** | **९९.०** | | |
| | | राष्ट्रिय | **७१.४** | **८०.२** | **९०.६** | **९९.०** | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | **१.१४** | **१.१०** | **१.०५** | **१.००** | | IEMIS |
| | | प्रदेश | **०.९४** | **०.९५** | **०.९६** | **०.९७** | | |
| | | राष्ट्रिय | **१.०२** | **१.००** | **१.००** | **१.००** | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९७.५** | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | **५६.५** | **६०.०** | **६५. ५** | **७०.०** | | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **६०.३** | | | | | |
| ५५ ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | २३.३ | २६.५ | २८०० | ३३.० | | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **२४.०** | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | २५.० | २७.० | ३०.० | ३३.० | | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **२०.६** | **२२.०** | **२७.०** | **३३.०** | | |
| ४ | **जिवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | |
| ४.१ | साक्षरता दर (%) | स्थानीय | ८१.०३ | **८५.८** | **९५.७** | **१००** | | Cencus 2078 |
| | | प्रदेश | ८५.४ | | | | | |
| | | राष्ट्रिय | **८५.०** | | | | | |
| ५ | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | राष्ट्रिय | | **३१.०** | **४०.०** | **५०.०** | **७५.०** | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६ | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | १५:१ | १८:१ | २५:१ | ३०:१ | | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक बिद्यालय) | स्थानीय | | १९:१ | २२:१ | २८:१ | ३०:१ | | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | १६:१ | १९:१ | २५:१ | ३०:१ | | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | १३:१ | १५:१ | २१:१ | २५:१ | | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीः शिक्षक अनुपात | स्थानीय | | ४१:१ | ३८:१ | ३५:१ | ३०:१ | | IEMIS |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७ | **शिक्षामा लगानी** | | | | | | | | |
| ७.१ | कूल वजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | १२.० | १४.० | १५.५ | २०.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | ३१ | ३२ | ३३ | ३३ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | २६ | २७ | २९ | ३० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ११ | १५ | १७ | | | |

# परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बालविकास शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरुको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । सर्वाङ्गीण विकास अन्तर्गत बालबालिकाहरुको शारीरिक, मानसिक तथा वौद्धिक सामाजिक र संवेगात्मक विकास पर्दछन । कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा वाधा पर्न सक्ने भएकाले बालबालिकामा उल्लेखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक छ । त्यसैले प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अंक चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्दछ । प्रारम्भिक बालविकास शिक्षाका कार्यक्रमहरु विभिन्न समयावधिमा सुरु गर्ने भएतापनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा शिक्षा ऐन २०२८ मा उल्लेख गरिएको छ । अतः यस शिक्षालाई विशेष प्राथमिकतामा दिन आवश्यक भएकोले आलिताल गाउँपालिकाको दश वर्षीय शिक्षा योजनाको मुख्य अंगको रुपम गाउँ शिक्षा योजनाको रणनैतिक आधारका रुपमा सञ्चालन गर्न यस सम्बन्धी योजना तयार गरिएको छ ।

### ३.१.१ वर्तमान अवस्था

आलिताल गाउँपालिकामा हाल जम्मा ५३ बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन । जसमध्ये ४३ वटा प्रारम्भिक बालविकास केन्द्र विद्यालयमा र ११ वटा समुदायमा आधारित गरी सञ्चालित रहेका छन । संस्थागत विद्यालय विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षामा ३ वर्षको कार्यक्रम सञ्चालनमा छन । यी सबै शैक्षिक संस्थाहरुमा कुल ६६० बालबालिकाहरु सहभागी भएका छन । प्रारम्भिक बालविकास शिक्षामा कार्यरत शिक्षकहरु ५३ जना रहेका छन । SEE/SLC वा सो सरह योग्यता भएका शिक्षकको संख्या ५ प्रतिशत र सो भन्दा बढी योग्यता भएका शिक्षकको संख्या ९५ प्रतिशत रहेको छ । प्रारम्भिक बालविकास शिक्षा केन्द्रहरुको अनुमति गाउँपालिकाले प्रदान गर्दै आएको छ । वर्तमान यस अवस्थालाई विश्लेषण गर्दा प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा देहाय वमोजिमका चुनौतिहरु देखिन्छन ।

१. प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरु विशेष गरी भौगोलिक विकटता भएका क्षेत्र र अपाङ्गता भएकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुग्नाउन ।
२. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा न्युनतम मापदण्ड पूरा गर्न।

### ३.१.२ उद्देश्य

यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्य राखेको छः

- चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु ।
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु ।
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।

### ३.१.३ रणनीतिहरु

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिनेछनः

- जटिल भौगोलिक क्षेत्रमा वसोवास गर्ने समुदायका बालबालिका तथा अपाङ्गता ४ वर्ष उमेर समूहका बालबालिकाहरुलाई समेट्नका लागि आवश्यकता अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरु विकास गरी पहुँच सुनिश्चित गर्ने (उद्देश्य १) ।
- सबै बालविकास सहजकर्तालाई तालिमको व्यवस्था गर्ने (उद्देश्य २) ।

- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारीता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरुलाई जिम्मेवार बनाउने। (उद्देश्य ३)।
- कक्षा १ मा भर्ना हुन प्रारम्भिक बालविकास केन्द्रको अनुभवलाई क्रमशः अनिवार्य गर्दै लैजाने (उद्देश्य ३)।
- प्रारम्भिक बालविकास शिक्षामा अन्य कक्षा सरह भर्ना अभियान सञ्चालन गर्न लगाई बालविकास उमेर समूहका कोही पनि बालबालिका प्रारम्भिक बालविकास शिक्षावाट वञ्चित नरहेको क्षेत्र घोषणा गर्न लगाउँने (उद्देश्य १ र ३)

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।
- प्रारम्भिक बालविकास तहको कुल भर्नादर शत प्रतिशत पुगेको हुनेछ।
- भौगोलिक विकटता भएका क्षेत्र र अपाङ्गता भएकाहरुलाई प्रारम्भिक बालविकास बालविकास शिक्षामा पहुँच पुगेको हुनेछ।
- कक्षा १ मा नवप्रवेश गर्ने प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त गर्ने बालबालिका शत प्रतिशत पुगेको हुनेछ।
- बालविकास केन्द्रका सहजकर्ता शत प्रतिशत तालिम प्राप्त हुनेछन।

**नतिजाहरु**

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुने।
- भौगोलिक जटिलतामा रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, तथा घुम्ति प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका नमुनाहरु विकास हुने।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा तिनै तहका सरकार, परिवार, समुदाय, गैर सरकारी संघ संस्था र विद्यालयहरु जिम्मेवार हुने।
- सबै बालविकास केन्द्रमा न्युनतम आधारभूत भौतिक सुविधाको पहुँच पुगेको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सङ्ख्या | | ५१० | ५५० | ५६५ | ५७० | ६०० |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | ० | २० | ३० | ४० | ४८ | ५३ |

### ३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप (उदाहरण) | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | | ० | १ | ० | ० | ० | १ | |
| २ | बाल बिकास केन्दको सवलिकरण | केन्द्र | ० | १ | १ | १ | १ | ४ | |
| ३ | शिक्षक/सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास | जना | ० | १ | १ | १ | १ | ४ | |

## ३.२ आधारभूत शिक्षा

**परिचय**

मानव जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान सिप आर्जन गर्ने गरी घर परिवार तथा समुदायमा आफ्ना विचारहरु अभिव्यक्त गर्न र समाजमा घुलमिल तथा आफुलाई सामाजिक परिवेशमा समायोजन गरी सामाजिकीकरणमा सहज बनाउने प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा भनिन्छ। नेपालको संविधान २०७२ को धारा ३१ मा र शिक्षा ऐन, २०२८ ले समेत आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भन्ने व्यवस्था मौलिक हक अन्तर्गत राखिएको छ । हाल आधारभूत शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरिएको छ। शिक्षामा सबैको पहुँचका लागि राजनैतिक प्रतिवद्यताको कमी रहेको र गरिएका प्रतिवद्धताहरु पनि कार्यान्वयनमा आएको देखिदैन। एकातर्फ निर्दिष्ठ सिकाइलाई मात्र स्तरियता मान्ने र अर्कोतर्फ कागजी कामलाई मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति देखिईरहेको विद्यमान अवस्थामा व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, संस्कार र संस्कृतिप्रति लगाव, नैतिक आचरण र जिम्मेवारी, मौलिक रुपमा विज्ञान उपयोग गर्न सक्ने गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्ने उद्देश्यमा केन्द्रित रही यस खण्डमा आधारभूत शिक्षाको कक्षा १ देखि ८ सम्म आगामी १० वर्ष भित्रका विभिन्न क्रियाकलापहरु यस योजनामा समावेश गरिएको छ।

### ३.२.१ वर्तमान अवस्था

आलिताल गाउँपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा कक्षा १-८ सम्म सञ्चालन भएका ७ कक्षा १-५ सम्म १२ वटा र कक्षा १-३ सम्म १४ सामुदायिक विद्यालय तथा कक्षा १-८ सम्म १ वटा र कक्षा १-५ सम्म १ वटा गरी २ वटा संस्थागत विद्यालयहरु सञ्चालनमा छन आधारभूत तह( कक्षा १-८) सम्म ३१२१ विद्यार्थीहरु अध्ययनरत छन। वर्तमान अवस्था केलाएर हेर्दा आधारभूत तह कक्षा १-८ खुद भर्ना दर ९४.८ प्रतिशत, कुल भर्ना दर ११०.९ प्रतिशत, प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको ८० प्रतिशत रहेको छ। विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । दिवा खाजा कार्यक्रमलाई सिकाइ तथा विद्यार्थीको स्वास्थ्यसँग प्रभावकारी ढङ्गले जोड्नुपर्ने आवश्यकता देखिन्छ। आधारभूत तहमा विद्यालय छोड्ने दरलाई कम गर्नु अति जरुरी देखिन्छ। राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रमले कक्षा १ देखि ३ का विद्यार्थीहरुको पठन सिपमा सहयोग गरेको पाइएको छ। पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता बृद्धि गर्नु अति आवश्यक देखिन्छ। शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ। उल्लेखित विश्लेषणका आधारमा आधारभूत शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन।

- आधारभूत शिक्षामा सबै बालबालिकाहरुको पहुँच, सहभागीता तथा गुणस्तर सुनिश्चित गर्न।
- आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य गर्न।
- आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिको वृद्धि गर्नु।
- विद्यार्थीले विचैमा विद्यालय छोड्ने दर शून्यमा झार्ने।
- लैङ्गिक समता कायम गर्ने।
- बालमैत्री वातावरण निर्माण गर्नु र पर्याप्त भौतिक पूर्वाधार विकास गर्ने।
- शिक्षकहरुको विषयगत र कक्षागत दरवन्दीको व्यवस्था मिलाउन।
- पोषण, स्वास्थ्य तथा दिवा खाजा लगायत विद्यार्थी सहायता प्रणाली स्थापना गर्ने।
- बिषयगत शिक्षक व्यवस्थापन गर्न।

- बिद्यार्थी मुल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी परीक्षालाई विश्वसनीय र वैध बनाउने

### ३.२.२ उद्देश्य

- अनिवार्य आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागीता सुनिश्चित गर्ने।
- आधारभूत विद्यालय उमेरका सबै बालबालिकालाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्ने।
- आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्युनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु र सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने।

### ३.२.३ रणनीति

- विद्यालय छोड्ने, कक्षा दोहोर्याउने दर घटाउने तथा खूद भर्ना दर तह पूरा गर्ने दरमा वृद्धि गर्न यस्ता बालबालिकाको अवस्था पहिचान गरी लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने (उद्देश्य १,२)।
- सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरवन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पूरा नहुन्जेल सम्मका लागि गाउँपालिकाले योग्यता पुगेका दक्ष र योग्य गाउँपालिका शिक्षक छनोट तथा परिचालन गर्ने ,(उद्देश्य १)।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने। (उद्देश्य ३)।
- विद्यालयमा सरसफाइ, दिवाखाजा भण्डार तथा तयारी लगायतका कार्यक्रमहरु अनुगमन गरी उत्कृष्टलाई पुरस्कार तथा कमजोरलाई सुधार गर्न प्रेरित गर्ने, (उद्देश्य २)।
- आधारभूत तह उमेर समूहका विद्यालय वाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्ने, (उद्देश्य २)।
- विद्यालयहरूमा प्रविधिमैत्री, सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी सबै बालबालिकाका लागि सिकाइमैत्री वातावरण विकास गर्ने, (उद्देश्य ३)।
- प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्न सम्बन्धित विद्यालयका शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने, (उद्देश्य ३)।
- कक्षा १ -३ सम्मका बालबालिकाको पढाइ सिपको विकास गर्न र परीक्षण गर्न विभिन्न सघन कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने ,(उद्देश्य ३)।
- आधारभूत तहमा न्युनतम सिकाइ उपलब्धि हासिल गराउन आबधिक रुपमा सिकाइको मुल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणालीको बिकास गर्ने। (उद्देश्य ३)।
- शिक्षकहरुलाई शिक्षण विधि र प्रविधिमा अद्यावधिक गर्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने, (उद्देश्य ३)।
- आवश्यकता अनुसार विद्यालयहरुको भौतिक सुविधा विस्तार गरिनेछ।
- अतिरिक्त कक्षा सञ्चालनमा ल्याउने (उद्देश्य १)।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- सबै बालबालिकाहरुलाई गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ ।
- आधारभूत तहको कुल तथा खुद भर्नादर सत प्रतिशत पुगेको हुनेछ ।
- आधारभूत तहको बालबालिकाको भर्ना अनुपात समदरमा पुगेको हुनेछ ।
- कक्षा ८ को टीकाउ दर १०० र सिकाइ उपलब्धि ८० पुगेको हुनेछ ।
- कक्षा १ मा खुद भर्ना दर सत प्रतिशत पुगेको हुनेछ ।

**नतिजाहरु**

- आधारभूत तहमा अपुग शिक्षक व्यवस्थापनको लागि गाउँपालिकाले दक्ष, सक्षम, योग्यता पुगेका व्यक्तिहरुबाट प्रतिस्पर्धाका आधारमा शिक्षक छनोट गरेको हुने ।
- विद्यालय सम्बद्ध पदाधिकारी तथा अन्य सरोकारवाला सँग आधारभूत शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन हुने ।
- आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गरिएको हुने ।
- विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गतामैत्री भौतिक पूर्वाधार विकास गरिएको हुने ।
- कक्षा १-३ सम्मका बालबालिकाको पढाइ सिपको विकास गर्न विभिन्न सघन तथा प्रतिस्पर्धात्मक कार्यक्रमहरु सञ्चालन भएका हुने ।
- आधारभूत तहमा शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि हुने गरी कार्यसम्पादन करार कार्यान्वयन भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १-५) तालिम प्राप्त शिक्षकको सङ्ख्या | ९० | १०० | १०५ | ११२ | १२० |
| २ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | १५ | १९ | २४ | २८ | ३४ |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | ० | ० | १ | | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | पटक | ० | १ | ० | ० | ० | १ | | |

## ३.३ माध्यमिक शिक्षा

### परिचय

नेपालको विद्यालय शिक्षाको संरचना मध्ये कक्षा ९ देखि १२ सम्मको चार वर्षको शिक्षालाई माध्यमिक शिक्षाको तह भन्ने र शिक्षा ऐन २०२८ उल्लेख गरिएको छ। माध्यमिक शिक्षाका धारहरु साधारण, परम्परागत र प्राविधिक तथा व्यवसायिक धार हुन। यस तहमा एकलपक्षीय पाठ्यक्रमको नीति अवलम्बन गर्ने गरिएको छ। कक्षा ९ र १० मा वार्षिक ३२ घण्टा र कक्षा ११ र १२ मा वार्षिक कम्तिमा २७ देखि ३२ पाठ्य घण्टाको विषयवस्तु राखिएको छ। मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अबलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन गर्न सक्ने, विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह गर्न सक्ने, दैनिक जीवनमा भाषिक एवं सञ्चारका साथै गणितीय सिपको प्रयोग गर्न सक्ने, श्रमप्रति सम्मान गर्दै कामको संसारमा प्रवेश गर्न सक्ने, प्राकृतिक एवं सामाजिक घटनाको विश्लेषण गर्दै सकारात्मक व्यवहार प्रदर्शन गर्ने जस्ता सक्षमताहरु यस तहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि तोकिएका छन। साथै विद्यार्थीहरुको मुल्याङ्कन एवम् स्तर निर्धारणका लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा १० को अन्तिम परीक्षा प्रदेश स्तरबाट र कक्षा १२ को अन्तमा लिईने परीक्षा संघबाट सञ्चालन हुने व्यवस्था छ।

माध्यमिक शिक्षा विद्यार्थीलाई सिपमूलक शिक्षा दिई कामको संसारसँग सम्बन्धित हुनु सान्दर्भिक हुन्छ। आज विद्यालयमा सिकेको सिपले भोलिको संसारमा बिक्ने जनशक्ति उत्पादनमा माध्यमिक शिक्षा केन्द्रीत हुनु पर्दछ। विगतका योजनाहरूले प्राविधिक तथा व्यवसायिक विषयका पाठ्यक्रम निर्माण गरिए पनि उत्पादित जनशक्तिलाई कामको संसारसँग परिचित गर्न नसकेको र सैद्धान्तिक ज्ञानमा मात्र सीमित राखिएको देखिन्छ। बिद्यार्थीहरूमा सैद्धान्तिक ज्ञानले मात्र नहुने भएकाले प्रयोगात्मक ज्ञान र सिकेको सिपको व्यवहारमा उपयोग गराउने तर्फ यो गाउँ शिक्षा योजना सफल सिद्ध हुनेछ।

### ३.३.१ वर्तमान अवस्था

आलिताल गाउँपालिकामा शैक्षिक सत्र २०८० सम्म सामुदायिक, माध्यमिक विद्यालयहरु ९ वटा (कक्षा १-१० का ५, कक्षा १-१२ का ४ वटा) रहेका छन। माध्यमिक तहको लैङ्गिक समता सूचकाङ्क १.१४ रहेको छ। यस तहमा शैक्षिक सत्र २०८० मा जम्मा १०७३ विद्यार्थीहरु सामुदायिक विद्यालयहरुमा अध्ययनरत रहेका छन। आलिताल गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा माध्यमिक तह कक्षा ९-१२ को खूद भर्ना दर ५४.६ प्रतिशत, कुल भर्ना दर ६८.७ प्रतिशत, कक्षा ८ उत्तीर्ण पश्चात कक्षा ९ मा भर्नादर ९२ प्रतिशत रहेको छ। सामुदायिक माध्यमिक विद्यालयको माध्यमिक तह कक्षा (९–१२) मा जम्मा १६ शिक्षकहरु (दरवन्दी र राहत समेत) रहेका छन। गाउँपालिका अनुदानमा १७ जना शिक्षक कार्यरत रहेका छन। विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ। माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ। पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु अति आवश्यक देखिन्छ। शिक्षण सिकाइ बिधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ। संविधानले माध्यमिक शिक्षा निःशुल्क भनेको भएतापनि हाल माध्यमिक तहको शिक्षा पूर्ण रुपमा निःशुल्क गर्न सकिएको छैन। शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्र अ को लागि नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गरेको पाईदैन। विभिन्न ढंगले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन। सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझै लागु गर्नुपर्ने आवश्कता छ। राम्रो नेतृत्व भएको प्रध्यानाध्यापको विद्यालय व्यवस्थापन प्रभावकारी भएकोले प्रधानाध्यापकहरुको नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्नु अति आवश्यक छ। माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दी कम रहेको छ र

विद्यालयहरुले नीजी स्रोतबाट शिक्षकको व्यवस्थापन गर्नुपर्ने वाध्यता छ । उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय वमोजिमका चुनौतिहरु देखिन्छन ।

- माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क गर्ने ।
- प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको विस्तार गर्ने ।
- कक्षा १० उतीर्ण गरेका विद्यार्थीहरुको कक्षा ११ मा भर्नादर बढाउने ।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार गर्ने ।
- सिकाइको गुणस्तर सुधार गरी सिकारु सिकाइमा सुधार ल्याउने ।
- शिक्षकको पेशागत वृति विकास गर्ने ।
- विषयगत शिक्षक दरवन्दीको व्यवस्थापन गर्ने ।

**३.३.२ उद्देश्यहरु**

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित बिशिष्ट उद्देश्यहरु राखेको छः

- माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार तथा गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर बढाउनु ।
- निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्नु ।
- विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रवन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानसील र जवाफदेहि बनाउनु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गर्नु।
- उच्च शिक्षा अध्ययनका लागि योग्य तथा र स्वःपहिचान सहितको जनशक्ति उत्पादन गर्नु।

**३.३.३ रणनीतिहरू**

माध्यमिक शिक्षा सम्बन्धी उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

- माध्यमिक शिक्षामा सहज पहुँच नभएका बालबालिकाहरूको पहिचान गरी आवश्यकतामा आधारित लक्षित कार्यक्रम सञ्चालन गर्ने (उद्देश्य १, २) ।
- आर्थिक समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरुका लागि आर्थिक सहयोगको व्यवस्था गर्ने (उद्देश्य १, २)।
- विद्यार्थीको मनोवल बढाउन विद्यार्थी मनोपरामर्श कार्यक्रम सञ्चालन गर्ने (उद्देश्य २) ।
- सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरवन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पूरा नहुन्जेल सम्मका लागि गाउँपालिकाले योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा नीजी शिक्षक छनोट तथा परिचालन गर्ने ,(उद्देश्य ३) ।
- माध्यमिक विद्यालयहरूमा गुणस्तरमा आधारित प्रतिस्प्रधात्मक कार्यक्रम सञ्चालन गर्ने (उद्देश्य ४)
- सम्पूर्ण माध्यमिक विद्यालयमा इ-पुस्तकालय विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्था गर्ने (उद्देश्य ४) ।
- माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय व्यवस्थापन तथा विकासप्रति प्र अ लाई उत्तरदायी बनाउने (उद्देश्य ४)
- प्राविधिक शिक्षामा सवैको पहुँच विस्तार गर्न विद्यालयको नक्साङ्कनका आधारमा प्राविधिक धारको कार्यक्रम सञ्चालन गर्ने, (उद्देश्य ५)
- निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको शैक्षिक गुणस्तर परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने र सुधार क्षेत्रमा केन्द्रित हुने (उद्देश्य ६)

- कक्षाकोठामा आधारित र आवधिक मुल्याङ्कनलाई बढि जोड दिईनेछ (उद्देश्य ६)

**३.३.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

- सवै बालबालिकाहरुलाई गुणस्तरीय माध्यमिक शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ।
- माध्यमिक तहको कुल भर्नादर १०० तथा खुद भर्नादर ८० प्रतिशत पुगेको हुनेछ।
- माध्यमिक तहको विद्यार्थी अनुपात समदरमा पुगेको हुनेछ।
- कक्षा १२ को टीकाउदर १०० र सिकाइ उपलब्धि ७५ पुगेको हुनेछ।
- कक्षा ८ बाट उतीर्ण भै कक्षा ९ मा प्रवेश हुने दर १०० प्रतिशत पुगेको हुनेछ।

**नतिजाहरु**

- प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालय स्थापना भई संकायगत संख्यामा बृद्धि भएको हुने।
- माध्यमिक तहमा अपुग शिक्षक व्यवस्थापनको लागि गाउँपालिकाले योग्यता पुगेका ब्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा निजी शिक्षक छनोट गरेको हुने।
- विद्यालय सम्वद्ध पदाधिकारी तथा अन्य सरोकारवाला सँग माध्यमिक शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन हुने।
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्युनतम सिकाइ उपलब्धि हासिल गरेको हुने।
- विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गतामैत्री भौतिक पूर्वाधार विकास गरिएको हुने।
- माध्यमिक तहमा शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि हुने गरी कार्यसम्पादन करार लागु भएको हुने।
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने।
- गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयहरुमा आवश्यकता अनुसार विद्यालय भवन, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्पुटर ल्याब, सुद्ध खानेपानी, शौचालयका साथै अन्य आवश्यक पूर्वाधारको व्यवस्था भएको हुने।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | | ६७४ | ६८० | ६८४ | ६८८ | ६९० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | | ३९९ | ३९९ | ४०० | ४०१ | ४०२ |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक बिद्यालय सङ्ख्या | | ५ | ६ | ७ | ८ | ९ |

**३.३.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | ० | ० | १ | २ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | पटक | ० | १ | ० | ० | ० | १ | २ | |
| ३ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | विद्यालय | | १ | २ | ३ | ४ | १० | २० | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### परिचय

कुनै पनि राष्ट्रको समृद्धि र विकासको मूल पूर्वाधार प्राविधिक तथा व्यावसायिक शिक्षा हो । मानव जीवनलाई सफल र सरल बनाउन प्राविधिक तथा व्यवसायिक शिक्षाको ठुलो महत्व छ । नेपालका प्रथम वैज्ञानिक गेहेन्द्र शमसेर देखि वर्तमान समयसम्म आईपुग्दा प्राविधिक शिक्षाको जगतमा नेपालले ठुलै फड्को मारेको छ । वर्तमान समयमा विभिन्न माध्यमिक विद्यालयहरुमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट अनुमति प्राप्त कक्षा ९ देखि १२ सम्मका कुनै पनि प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनमा रहेको छैन । रोजगारी, सिप, जीवनपर्यन्त शिक्षा, जीवनोपयोगी शिक्षाको मेरुदण्ड भनेर प्राविधिक तथा व्यावसायिक शिक्षालाई लिइन्छ ।

### ३.४.१ वर्तमान अवस्था

आलिताल गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) वाट १८ महिने कृषि जेटिएको तालिम श्री दुर्गा मा.वि. आलिताल-८ डोलामा भएता पनि प्रयाप्त विद्यार्थीहरु नभई पढाइ रोकिएको अवस्था छ । आलिताल गाउँपालिका अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) को आङ्गिक संस्थाको रुपमा अन्य कुनै पनि विद्यालय रहेका छैनन् । प्राविधिक शिक्षा आजको आवश्यकता भएपनि आर्थिक अवस्था कमजोर भएको कारण धेरैजसो विद्यार्थीहरुले सो तहको अध्ययन गर्न पाएका छैनन । विद्यालय तथा शिक्षालयहरुमा प्राविधिक शिक्षाको लागि आवश्यक पर्ने पूर्वाधारहरुको अभाव रहेको छ । प्राविधिक शिक्षाका कक्षाहरु बढी प्रयोगात्मक बनाउनुपर्ने आवश्यकता समेत रहेको छ । माथि उल्लेखित वर्तमान अवस्थालाई विश्लेषण गर्दा प्राविधिक शिक्षाका केही चुनौतिहरु यसप्रकार रहेका छनः

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको शिक्षालय र स्थानीय तह बीचमा समन्वय बढाउन
- विद्यालय तथा शिक्षालयका प्राविधिक कक्षाहरुका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरुको विकास गर्न ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्न चाहने स्थानीय विद्यार्थीहरुलाई उक्त शिक्षा अध्ययनको अवसर प्रदान गर्न,

### ३.४.२ उद्देश्य

- प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच बिस्तार गर्नु ।
- आलिताल गाउँपालिका क्षेत्रको विकासका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति उत्पादन गर्नु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्न चाहने स्थानीय विद्यार्थीहरुलाई उक्त शिक्षा अध्ययनको अवसर प्रदान गर्नु ।

### ३.४.३ रणनीतिहरु

- गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरुमा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षाको पठनपाठनको व्यवस्थाको लागि जोड दिने (उद्देश्य १) ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई गाउँपालिका भित्रै रोजगारीको अवसर प्रदान गर्ने (उद्देश्य २) ।
- विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ अवसर प्रदान गर्न छात्रवृति प्रदान गर्ने (उद्देश्य २ र ३) ।
- "**पढदै कमाउदैको अवधाणा**" अनुरुप गाउँपालिका भित्रै रोजगारीका अबसर सिर्जना गरिने छ (उद्देश्य ३) ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई स्वरोजगार बनाउन सुरुवाती चरणमा आर्थिक सहयोग गरी समय समयमा माग र आवश्यकताको आधारमा व्यावसायिक तालिम उपलब्ध गराईनेछ ।
- प्राविधिक धार सञ्चालन गर्न चाहने माध्यमिक विद्यालय तथा शिक्षालयहरुलाई प्रोत्साहित गरिनेछ ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- गाउँपालिका अन्तर्गत विभिन्न बिद्यालयहरुमा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षाको पठनपाठनको व्यवस्थाको भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या बढेको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षकहरुको क्षमता अभिवृद्धि भएको हुनेछ ।

**नतिजा**

- प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्न चाहनेको लागि पहुँच पुगेको हुने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच विस्तार गर्न छात्रवृतिको व्यवस्था भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सख्या | ० | १ | १ | १ | १ | २ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा | | ० | ४० | ४० | ४० | ८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तथा व्यावसायिक तालिम भर्ना भएका विद्यार्थी सङ्ख्या | | | | | | |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याङ्क सङ्कलन तथा खन्डीकत डाटाबेस तयारी | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | विद्याल य | ० | १ | ० | ० | २ | २ | ३ | |
| ३ | विद्यार्थीका लागि छात्रवृति अवसर | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

**परिचय**

नेपालको संविधानले प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्म शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । औपचारिक शिक्षामा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न, जीविकोपार्जनमा सहयोग पुग्राउन र संसारसँग आवद्ध गर्न प्रचलनमा ल्याइएका पछिल्ला अवधारणाहरु हुन निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर, खुला एवं जीवयपर्यन्त शिक्षाले काम गर्दछ ।संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अबलम्बन गरेको सिद्धान्त, दिगो बिकास लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरीकले शिक्षा पाउनेहकको कार्यान्वय नगर्न औपचारिक शिक्षासंगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । कानुनमा व्यवस्था भए बमोजिम आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्ने नपाउने व्यवस्था भए सँगै निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको भूमिका अझै महत्वपूर्ण रहेको देखिन्छ

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भए सँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाइको ब्यबस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । स्थानीय तहमा रहेको शिक्षा शाखाको कार्य विवरण सम्बन्धी विषय समावेश भए पनि यस विषयले प्राथमिकता पाएको देखिदैन ।यसरी हेर्दा शिक्षा क्षेत्र एउटा सिङ्गै पाटोको रूपमा रहेको अनौपचारिक शिक्षातथा आजीवन सिकाइले नव्यक्तिगतरुपमा नत संस्थागत रुपमा र प्रणालीगत रूपमा नै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरिएका छन ।

- साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिन नसक्नु ।
- साक्षरता कार्यक्रममा सहभागि भएका व्यक्तिहरूले सिकेका ज्ञान र सीपलाई रोजगारसँग जोड्न नसकिनु ।
- अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा संचालन गर्ने संस्था र संयन्त्रको प्रयाप्त विकास र व्यवस्था र विकास नहुनु ।
- साक्षर भएकाहरू सीपको प्रयोगर अभ्यास नहुँदा पुन: निरक्षर हुनु परेको ।
- शैक्षिक सत्र पुरा नगरी बिचैमा छोड्ने र नियमित नहुने बालबालिकाको संख्या समेत बढि रहेको ।
- महिला, पछाडि परेका बर्गलाई लक्षित गरी जीवनोपयोगी सीप, लघुऋण, अनुदान र रोजगारीको अवसर दिने जस्ता कार्यक्रमलाई एकिकृत रूपमा सञ्चालन नगरिएको

**३.५.१ उद्देश्य**

- निरक्षर व्यक्तिहरूलाई साक्षर बनाउनु ।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी केन्द्रलाई विद्यालयतहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्नु ।
- सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रूपमा विकास गर्नु ।
- निरन्तर शिक्षा,जीवनपर्यन्त शिक्षा,खुला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गरी व्यक्तिका दैनिक जीवनसंग सम्बन्धित आबश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग गर्नु ।
- बिभिन्न कारणले विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोड़ने बालबालिकाहरुलाई बैकल्पिक कक्षा मार्फत सिकाइ गरी साधारण विद्यालयको प्रवाहमा समाहित गर्नु ।

**३.५.२ रणनीति**

- निरक्षर व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्ने ।
- गाउँपालिकाले प्रचलित ऐन कानूनमा आधारित भएर सामुदायिक सिकाइ केन्द्र सञ्चालनसम्बन्धी निर्देशिका तयार गर्ने ।
- सिकाइ केन्द्रको पदाधिकारीलाई सार्वजनिक शिक्षा केन्द्र सञ्चालन गर्नकालागि क्षमता अभिवृद्धि गर्ने ।
- प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको स्थापना गर्ने ।
- अनौपचारिक शिक्षा र जिवनपर्यन्त शिक्षा संचालन गर्ने संघसंस्थाबीच समन्वय समूह बनाई परिचालन गर्ने।
- निरन्तर, जिवनपर्यन्त र खुला शिक्षाको कार्यक्रम आयोजना गर्ने ।
- स्थानिय परिवेश र आवश्यकता अनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने ।
- सीप सिकेकाहरुलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गर्ने ।
- सबैलाई कक्षा८ सम्मको आधारभूत शिक्षाको अवसर प्रदान गर्ने ।
- विचमा विद्यालय छोड़ने दरमा न्यूनीकरण गर्ने ।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई ज ीवनपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुरयाउने।

**३.५.३ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

- १५ वर्ष भन्दा माथिको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ।
- ५ वर्ष भन्दा माथिको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ।
- १५ देखि २४ वर्षको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ।
- विद्यार्थीहरुको बीचमा विद्यालय छोड्ने दर ० प्रतिशत पुगेको हुनेछ।
- आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्रको विस्तार भएको हुनेछ।

**नतिजा**

- सबै नागरिकहरुलाई साक्षरता, निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त शिक्षा र सिकाइको अवसर प्राप्त हुने।
- सामुदायिक सिकाइ केन्द्रको संस्थागत संयन्त्र एवं सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्रको रूपमा विकास हुने।
- निरन्तर, खुला, अनौपचारिक जीवनपर्यन्त शिक्षा र सिकाइबाट सीपमुलक जनशक्ति उत्पादन हुने।
- विद्यालयमा नियमित उपस्थितभई शिक्षा निरन्तर गर्न नसक्ने तथा वढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रवन्ध हुने।

**नतिजा र परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप (१५ वर्ष भन्दा माथि) * (%) | | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| २ | भाषिक तथा गणितीय साक्षरता सीप (१५वर्ष भन्दा माथिका महिला) (%) | | ८६ | ८९ | ९२ | ९५ | ९८ |
| ३ | आधारभूत सुविधा सम्पन्न सामूदायिक सिकाइ केन्द्रको सङ्ख्या | | २ | २ | ३ | ३ | ४ |
| ४ | सामूदायिक पुस्तकालयको सङ्ख्या | | ० | ० | १ | २ | ३ |

**३.५.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | ० | ० | १ | १ | १ | ३ | ८ | |
| ३ | सामूदायिक सिकाइ केन्द्रको सुदृढीकरण | पटक | ० | १ | ० | ० | १ | २ | ४ | |

# परिच्छेद ४ : अन्तरसम्वन्धित विषय तथा क्षेत्रहरू

**परिचयः**

विभिन्न अन्तरसम्बधित विषय तथा क्षेत्रले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रुपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा शिक्षक व्यवस्थापन तथा पेशागत क्षमता विकास, लैङ्गिक समानता तथा समावेशिकरण, स्वास्थ्य पोषणा तथा दिवा खाजा आपतकालीन तथा सकटकालीन अवस्थामा शिक्षा, शिक्षामा सूचना तथा सञ्चार प्रविधि विद्यालय भैतिक विकास जस्ता अन्तरसम्बन्धित विषय महत्वपुणै हुन्छन् । शिक्षासँग सम्बन्धीत अन्तरसम्बन्धित विषयको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग तिनीहरुको अन्तरसम्बन्धका बारेमा थप स्पष्टता आवश्यक देखिन्छ ।

**४.१ पाठ्यक्रम र पाठ्यपुस्तक सिकाइ सामग्री तथा मुल्याङ्कन**

शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार पाठ्यक्रम हो । शिक्षाको राष्ट्रिय,तहगत तथा कक्षागत उद्देश्यहरु परिपूर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रम अन्तरगत कुनै कक्षा वा तहमा कुन विषयमा के पढाउने ? कुन कुन विषयवस्तु पढाउने? के कस्ता विधि तथा क्रियाकलापहरुको माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने? के कसरी मूल्याङ्कन गर्ने? जस्ता महत्वपूर्ण पक्षहरु पर्दछन् । पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो । नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप पहिलो पटक वि.सं. २०६३ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । यसले मार्गनिर्देश गरे अनुसार विद्यालय शिक्षाको पाठ्यक्रम विकास र परिमार्जन गरिएको थियो । समसामयिक परिवर्तनलाई समेटी वि.सं. २०७१ मा उक्त प्रारुपमा परिमार्जन गरिएको थियो । हाल राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ पनि स्वीकृति भएको छ । नेपालमा विद्यालय शिक्षामा पहुँच वढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू हुँदै आएको छ ।

**४.१.१ वर्तमान अबस्था**

समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै सामाजिक न्यायमा आधारित सक्षम, नैतिक, राष्ट्रिय हितप्रति समर्पित र प्रतिस्पर्धि जनशक्ति तयार गर्ने र वि.सं. २०८७ सम्म मध्यम आय भृको मुलुकमा रुपान्तरण गर्न आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य हासिल गर्न मेरुदण्डका रुपमा रहेको विद्यालय शिक्षामा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले संघीय, प्रादेशिक तथा स्थानीय सरकारको जिम्मेवारी निर्दिष्ट गरे अनुसार स्थानीय सरकारले गाउँ शिक्षा योजनामा पाठ्यक्रम सम्बद्ध नीति तर्जुमा गर्न आवश्यक छ । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार सबै तहको शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षा (STEM-EDUCATION) लाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाएको छ । नेपाल भौगोलिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त देश हो । ठूलो सम्भावना बोकेको धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र संवर्धन भई नसक्नु शैक्षिक गुणस्तर अपेक्षित रुपमा बढ्न नसकेका, समग्र शिक्षा पद्धतिबाट उत्पालित जनशक्तिले रोजगार बजारमा स्थान ग्रहण गर्न नसक्नु र स्वरोजगारको अवस्था समेत सिर्जना हुन् नसक्नु, उत्पादित जनशक्तिमा नैतिक मूल्य मान्यता र आचरण अपेक्षाकृत रुपमा वृद्धि हुन नसक्नु जस्ता मुख्य समस्याहरुलाई

स्थानीय  पाठ्यक्रम नीतिले सम्बोधन गर्नुपर्ने प्रमुख चुनौतिको रुपमा रहेको छ। यी वाहेक गाउँमा रहेका पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा मूल्याङ्कन सम्बन्धी  चुनौती यस प्रकार छनः-

- पाठ्यक्रमले सैद्धान्तिक मात्र नभई व्यवहारिक जीवनोपयोगी सिप विकास गर्ने।
- पाठ्यक्रम विकास एवम् कार्यान्वियनका लागि संस्थागत संयन्त्रको विकास गर्ने र भएका संयन्त्रको संस्थागत क्षमता सवलीकरण गर्ने ।
- सूचना तथा प्रविधिलाई  शिक्षण सिकाइको माध्यमका रुपमा प्रयोगमा ल्याउन।
- स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री अपेक्षित रुपमा विकास।
- शिक्षणलाई सिकाइमा रुपान्तरण गर्ने, शिक्षक र बिद्यार्थीको सहकार्यबाट सिक्न र ज्ञान आर्जन गर्ने मार्ग निर्देशित गर्ने पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गर्ने।
- स्थानीय तह सरोकारवालाहरुमा स्थानीय पाठ्यक्रमको महत्व वोध गराइ स्थानीय सक्रियतामा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने वातावरणको विकास गर्ने।
- विद्यार्थी मूल्याङ्कनलाई निन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्ने।
- पाठ्यपुस्तकको सीमित घेरा भन्दा बाहिर शिक्षण सिकाइ क्रियाकलापमा सञ्चालन गर्ने।
- स्थानीय स्रोत, साधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परामा आधारित पाठ्यसामग्री निर्माण गर्ने

### ४.१.२ उद्देश्य

- समय सापेक्ष स्थानीय विषयको पाठ्यक्रमको परीमार्जन गर्नु।
- स्थानीय विषयको पाठ्यक्रमको  आधारमा कक्षा ८ सम्मका पाठ्यपुस्तक लेखन तथा  परीमार्जन गर्नु।
- शिक्षण सिकाइमा रुपान्तरण गर्ने, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न सिकाउन र ज्ञान आर्जन गर्ने मार्गनिर्देशित पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास एवम् तिनको समन्वयात्मक रुपमा कार्यान्वयन गर्नु
- पाठ्यक्रम विकास समूहको पेशागत क्षमता निर्माण गर्नु।

### ४.१.३ रणनीति

- समय सापेक्ष स्थानीय विषयको पाठ्यक्रमको परीमार्जन  गर्ने, गराउने (उद्देश्य १ र २)
- पाठ्यक्रम विकास समूहको पेशागत क्षमता निर्माण गर्ने (उद्देश्य १ र २)
- पाठ्यक्रममा समाविष्ट विषयवस्तु  तथा शैक्षणिक कौशलमा पुनर्संरचना गर्ने (उद्देश्य १ र २)
- राष्ट्रिय  पाठ्यक्रमसँग सम्बन्धित रही स्थानीय आवश्यकता सँग सान्दर्भिक पाठ्यक्रम, सन्दर्भ सामग्री तथा शैक्षणिक सामग्रीहरुको निर्माण गर्ने (उद्देश्य ३)
- सबलीकृत पाठ्यक्रम व्यवस्थापन, प्रबोधीकरण, अनुगमन तथा मूल्याङ्कन पद्धति मार्फत पाठ्यक्रमको कार्यान्वयन गर्ने (उद्देश्य ४,)
- विज्ञान, प्रविधि, इञ्जिनियरिङ् तथा गणित शिक्षा (स्टेम ,STEM)  लाई समग्र शिक्षा प्रणालीको अभिन्न अंगको रूपमा विकास तथा विस्तार गर्ने। (उद्देश्य ४, )
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- स्थानीय स्तरका आवश्यकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भएको हुनेछ।
- राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रवोधिकरण भएको हुनेछ।
- स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पाठ्यसामग्री विकास भएको हुनेछ।

**नतिजा**

- आधारभूत तहमा अध्ययनरत सबै विद्यार्थीहरुलाई स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्यसामग्री पुगेको हुने।
- स्थानीय पाठ्यक्रम निर्माण तथा प्रवोधिकरणमा सरोकारवालहरु सबैको सहभागीता भएको हुने।
- स्थानीय पाठ्यक्रमप्रति विद्यार्थी, शिक्षक, अभिभावक लगायतका सरोकारवालाहरु सबैले अपनत्व ग्रहण गरी सो को सफल कार्यान्वयन भएको हुने

**प्रमुख क्रियाकलापहरु**

**क) स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री**

बालबालिकाहरूमा आफ्नो स्थानीय तहमा प्रचलनमा रहेको भाषा, कला, संस्कृति, रीतिरिवाज परम्परा, मूल्य मान्यताहरूको केहि न केहि ज्ञान आफू बसेको समाज र समुदायबाट सिकेका हुन्छन्। आफू आफ्नो कला संस्कृतिको जगेर्ना गर्न नसकेकको खण्डमा क्रमिक रूपमा तिनीहरूको लोप हुने कुरा पनि निश्चित छ। बिदेशी संस्कृतिको हालिमुहाली हुने तथा स्वदेशी र स्थानिय संस्कृतिको लोप हुने क्रम बढेसँगै सम्पूर्ण नेपालीमा अपन्वत्वको भावना विकास गराउन स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास हुँदै आएको छ। जो आधारभूत तहमा अनिवार्य विषयका रूपमा स्थानिय विषय समावेश गरिएको छ।

पाठ्यक्रम विकास केन्द्रले जारी गरेको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार स्थानिय तहको पाठ्यक्रमको अंश निर्माण गरी कार्यान्वयन गर्नु पर्ने हुन्छ। स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकासका लागि स्रोत साधन र जनशक्तिको अधिकतम उपयोग गरी यथाशीघ्र विकास गराईने र क्रमशः कक्षा ८ सम्म निर्माण गरी लागु गर्ने रणनीति अख्तियार गरी यस गाउँपालिकाको सबै वर्ग, जाति,समुदाय तथा सांस्कृतिक मूल्य मान्यताहरूलाई आत्मासाथ गरी पाठ्यक्रम विकास गराईने छ।

**ख) अतिरित्त क्रियाकलाप**

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पुरा गर्न अतिरिक्त क्रियाकलापको महत्वपूर्ण भूमिका रहेको हुन्छ। पाठ्यक्रमले राखेका अपेक्षा एकोहोरो शिक्षण पद्दतिले पुरा गर्न नसक्ने भएकाले रुचिपूर्ण र विद्यार्थीको सक्रिय सहभागितामा उनीहरूमा ज्ञान,सिप र अभिवृद्धिको विकास गर्न अतिरिक्त क्रियाकलापमा जोड दिनु उपयुक्त हुन्छ। यस गाउँपालिकाले अतिरिक्त क्रियाकलापका लागि देहाय बमोजिमका रणनीतिहरू तय गरेको छः

- प्रत्येक विद्यालयमा हरेक शुक्रबार अतिरिक्त/सहकार्यकलाप अनिवार्य रूपमा वर्ष भरी प्रयोगमा ल्याईने छ।
- गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुविच पालिकास्तरीय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप प्रतियोगिताहरू सञ्चालनमा ल्याईने छ।
- प्रत्येक विद्यालयमा खेल शिक्षकको ब्यबस्था गराईने छ र समयसमयमा तालिम प्रशिक्षणको ब्यबस्था गराईने छ।
- अतिरिक्त क्रियाकलापमा अब्बल विद्यालय र विद्यार्थीका लागि गाउँपालिकाले थप प्रगतिको अवसर र प्रोत्साहनको व्यवस्था गराईने छ।

- प्रत्येक वडाहरूमा खेलमैदानको व्यवस्था गरी प्रयोगमा ल्याईने छ।
- सहक्रियाकलापका लागि शिक्षकहरूलाई क्षमता अभिवृद्धि तालिम प्रदान गराईने छ ।
- गाउँपालिकाले सहक्रियाकलाप सम्बन्धमा सिकाइ सामग्री उत्पादन गरी विद्यालयलाई उपलब्ध गराईने छ ।
- स्थानिय कला संस्कृति संरक्षण गराईनेछ ।
- विद्यार्थीको व्यक्तित्व विकासका क्रियाकलापहरु सञ्चालन गराईनेछ ।

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ३ | स्थानीय पाठ्यक्रम लागु भएका विद्यालय | | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने बिद्यालय सङ्ख्या | | १ | २ | ३ | ४ | ५ |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागी शिक्षक तालिम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | विद्यालय | ० | ४३ | ४३ | ४३ | ४३ | ४३ | | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | १ | | ० | ० | ० | १ | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

## परिचयः

नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरु मध्ये लक्ष्य ४ "सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकेका अवसरहरु प्रोत्साहित गर्ने" पूरा गर्न नेपालले राष्ट्रिय कार्य ढाँचा स्वीकृत गरी कार्यान्वयन्मा ल्याएको छ । गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षक व्यवस्थापन तथा विकास अत्यन्तै आवश्यक छ । शिक्षकको योग्यता, क्षमता, दक्षताको सिकाइमा प्रभाव पर्छ । नेपालमा विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षकको पेशागत क्षमता विकासलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्दै आएका हुन् । शिक्षक तयारीका लागि माध्यमिक विद्यालयहरुले प्रविणता प्रमाण पत्र तह, विश्व विद्यालय तहले स्नातक तह र स्नाकोत्तर तह सञ्चालन गर्दै आएका छन् । शिक्षकको पेशागत क्षमताको विकासका लागि दश महिने शिक्षक तालिम , TPD तालिम जस्ता थुप्रै तालिमहरु आमने- सामने तथा इन्टरनेटबाट सञ्चालन हुँदै आएका छन् । शिक्षक सेवा आयोगले शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा संचालन, रिक्त दरवन्दीमा शिक्षक आपूर्तिका लागि परीक्षा सञ्चालन र स्थायी शिक्षकको बढुवाको लागि कार्य गरी रहेको छ ।

### ४.२.१ वर्तमान अवस्था

शिक्षण पेसालाई रोजेको पेसामा विकास गर्न नेपालको पन्ध्रौँ योजना (२०७६/२०७७-२०८०/२०८१) ले यस पेसामा अब्बल प्रतिभाहरुलाई आकर्षित गर्न विश्व विद्यालयमा उत्कृष्ठ सफलता हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण सेवामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली २०५७ ले शिक्षक हुनका लागि शिक्षक अध्यापन अनुमतिपत्र अनिवार्य गरेको छ । स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने छनौट परीक्षामा उत्तीर्ण हुनु पर्ने, स्थायी शिक्षक बढुवा हुनाका लागि निश्चित मापदण्ड पूरा गरेको हुनु पर्ने प्रावधान छ ।

#### ४.२.१.१ शिक्षण पेशामा आकर्षण र नियुक्ति

विद्यमान शिक्षा ऐन तथा नियमावलीहरुले शिक्षकहरुलाई शिक्षण पेशामा आकर्षित गराउन विभिन्न व्यवस्था गरेको पाईन्छ । शिक्षा नियमावली २०५९ ले पेसागत सुरक्षाका लागि तलब, भत्ता, उपदान, निवृत्तिभरण, औषधोपचार खर्च, संचित बिरामी विदा, कार्यरत शिक्षक मृत्यु भएमा सन्ततिलाई छात्रवृत्ति आदि व्यवस्था गरेको हुनाले युवाहरुको शिक्षण पेसाप्रति आकर्षण बढेको भएपनि शिक्षण पेसामा प्रतिभावान, दक्ष र सक्षम व्यक्तिलाई प्रवेश सहज बनाउन आवश्यक छ । प्रदेश स्तरमा शिक्षा सेवा आयोग स्थापना गर्नुपर्ने, राहत तथा स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा प्रदेश स्तरको शिक्षा सेवा आयोगले छनौट परीक्षा लिने र सफल उमेदवारलाई गरेको सिफारिसको आधारमा नियुक्ति दिने व्यवस्था गर्न आवश्यक छ । हाल स्थानीय स्रोत शिक्षकले पाउने तलब विद्यालय पिच्छे फरक फरक तथा न्यून देखिन्छ । यसले पेसागत सन्तुष्टिमा प्रभाव पारेको छ । संघीय सरकारबाट दरवन्दीको व्यवस्था भै स्थायी शिक्षक नियुक्ति भै नआउँदा सम्म स्थानीय स्तरमा स्थानीय स्रोत शिक्षकको दरवन्दी कायम गरी प्रदेश तथा संघ स्तरको शिक्षक सेवा आयोगले लिएको छनौट परीक्षाको करार सूचीमा भएका उमेदवारलाई नियुक्ति दिने र यस्तो उमेदवार उपलब्ध नभएमा प्रदेश स्तरको शिक्षा सेवा आयोगले छनौट परीक्षा संचालन गर्ने व्यवस्था गर्नु पर्छ । सफल हुने शिक्षकलाई नेपाल सरकारले तोकेको तलब भत्ता पाउने गरी नियुक्ति गर्नु आवश्यक छ ।

#### ४.२.१.२ शिक्षण सिकाइ क्रियाकलाप

कक्षा कोठाको शिक्षण सिकाइ क्रियाकलापमा अपेक्षित सुधार भएको देखिन्न । कक्षाकोठामा बाल मनोविज्ञान, सिकाइका सिद्धान्त, शैक्षणिक सामग्री, इन्टरनेटको प्रभावकारी प्रयोग गर्न दक्ष, योग्य, उत्प्रेरित र विषयगत शिक्षकको अभाव छ । विद्यालयहरुलाई आवश्यक पर्ने पूर्वाधारहरु सबै विद्यालयहरुमा पुर्‍याउन सकिएको छैन।

#### ४.२.१.३ शिक्षक पेसागत सहयोग पद्धति

नेपालमा रा.शि.प.यो. २०२८ ले विद्यालय सुपरिवेक्षणका लागि प्रा.वि.नि. र मा.वि.नि. को व्यवस्था गरेको थियो । ग्रामीण विकासका लागि सेती परियोजना (२०३८-२०४८), प्राथमिक शिक्षा परियोजना (२०४२-२०४७), आधारभूत प्राथमिक शिक्षा परियोजना प्रथम (२०४९-२०५४) र दोस्रो (२०५६-२०६१), बिज्ञान शिक्षा विकास परियोजना (२०४४-२०५१), प्राथमिक शिक्षा विकास परियोजना (१९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (१९९३-२०००), शिक्षक शिक्षा परियोजना (२००२-२००९), विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६७/०६८- २०७२/०७३) हुँदै हाल विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले शिक्षकको पेसागत विकासलाई महत्व दिई देशभरिका १०५३ स्रोतकेन्द्रका स्रोतव्यक्ति मार्फत प्र.अ. लाई व्यवस्थापन सम्बन्धी तालिम, शिक्षकहरुलाई विषयगत र विभिन्न किसिमका तालिम तथा क्षमता विकास कार्यक्रम संचालन भएको देखिन्छ। संघीय सरकारको स्थापना भए पछी यो व्यवस्था हटेको छ। प्रदेश स्तरमा एउटा मात्र रहेको तालिम केन्द्रले तालिम दिने कार्य र परिमाणात्मक तथा परिणामात्मक रुपमा प्रभावकारी हुन सकेको छैन। स्थानीय स्तरमा शिक्षकलाइ पेसागत सहयोग गर्न तालिम शाखाको स्थापना र आवश्यक पर्ने सबै किसिमका स्रोतको व्यवस्थापन गर्न आवश्यक छ।

#### ४.२.१.४ शिक्षक उत्तरदायित्व

गुणस्तरीय शिक्षा र शिक्षकको उत्तरदायित्व परस्पर सम्बन्धित छन । बालबालिकाको सिकाइ प्रति उत्तरदायित्व लिने शिक्षकले दिने शिक्षा गुणस्तरीय हुन्छ। विद्यार्थीले हासिल गर्ने सिकाइ उपलब्धिका लागि शिक्षक अभिभावक र प्र.अ. प्रति उत्तरदायी हुनु पर्छ। शिक्षक सेवा आयोग नियमावलीले कार्य सम्पादन मुल्यांकन द्वारा स्थायी शिक्षकलाई प्र.अ. प्रति उत्तरदायी बनाउन खोजेको छ तर त्यो अपर्याप्त र प्रभावहीन छ । पन्ध्रौ योजनाले कक्षाकोठाको सिकाइ क्रियाकलापमा शिक्षकले बिताउने समयलाई जोड दिएको छ । विद्यार्थीद्वारा शिक्षकको निगरानी गरेको रुपमा यसलाई हेरि दिनाले यो कार्यक्रम प्रभावहीन भएको छ । शिक्षकको पद कुनै कारणले रिक्त भएमा र पद पूर्ति गर्न ढिलाई हुँदा विद्यार्थीहरुको सिकाइ क्रियाकलाप अवरुद्ध हुन्छ। स्थायी शिक्षक सेवानिवृत्त भै दरबन्दी रिक्त भएको अवस्थामा अर्को स्थायी शिक्षक नआउँदासम्म कक्षा कोठाको सिकाइमा संलग्न भएको सुनिश्चित गरी पारिश्रमिक तोकी शिक्षकलाई निरन्तरता दिने कानुनी व्यवस्था गर्नु पर्छ। अन्य कुनै कारणले शिक्षक पद रिक्त भएमा अर्को व्यवस्था नहुँदासम्म सक्षम सेवानिवृत्त शिक्षकलाइ काममा लगाउँने र पारिश्रमिक दिने व्यवस्था गर्नु पर्छ। यसबाट तत्कालै शिक्षकको आपूर्ति हुनाले विद्यार्थीको सिकाइ अवरुद्ध हुने छैन।

#### ४.२.१.५ शिक्षक आपूर्ति र वितरण

शिक्षा नियमावली २०५९ को नियम ९२ अनुसार विद्यालयमा रहने शिक्षक दरवन्दीको व्यवस्था अनुसूची १२ मा गरिएको छ। पूर्व प्राथमिक मा १, प्राथमिक तहमा ५० जना भन्दा कम विद्यार्थी भए २, ५० भन्दा बढी भए कम्तिमा ३, कक्षा ६-८ का लागि कम्तिमा ४, कक्षा ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था गरेको छ । शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रका लागि १:४०, पहाडी क्षेत्रका लागि १:४५ तथा तराइ क्षेत्रका लागि १:५० तोकेको छ। हाल शिक्षक व्यवस्थापन गर्दा नियमित अनुदान प्राप्त शिक्षक संख्याको अनुपातमा चाहिने शिक्षकको तलब स्थानीय सरकार मार्फत विद्यालयले अनुदान पाउने व्यवस्था गरेको छ । यसरी पाउने अनुदानमा नियुक्ति हुनका लागि स्थानीय स्रोतमा कार्यरत शिक्षकहरुमा प्रतिस्पर्धा बढेको देखिन्छ । शिक्षक

नियुक्ति गर्दा विद्यालयको  विषयगत आवश्यकताका  आधारमा गर्नु पर्दछ । उपर्युक्त अवस्थाहरुको विश्लेषण गर्दा निम्नलिखित चुनौतिहरु पहिचान गरिएका छन ।

- शिक्षण पेसालाई आकर्षक बनाउन ।
- सक्षम शिक्षक आपुर्तिका लागि शिक्षा विषय अध्यापन गर्ने संस्थाहरुमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्याङ्कन  प्रक्रिया सुधार गरी व्यवस्थित गराउन ।
- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गर्न  गराउन, शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन तथा शिक्षण क्रियाकलापमा विविधता ल्याउन ।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कन आवद्धगर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
- विषयगत दरवन्दी मिलान गरी आवश्यक दरबन्दीको पूर्ति गर्न ।

**४.२.२. उद्देश्य**:

यस योजनाले शिक्षक व्यवस्थापन र विकास  सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

- सबै तहमा शिक्षकहरुको योग्यता पुनरावलोकन गरी विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्नु ।
- शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु

**४.२.३ रणनीतिहरु:**

शिक्षक व्यवस्थापन र विकास सम्बन्धी उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान ,दरबन्दी पुनर्वितरण गर्ने । (उद्देश्य १)
- प्रारम्भिक बालविकास तथा कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर तह उत्तीर्ण शिक्षक योग्यता सुनिश्चित गर्ने । (उद्देश्य १) ।
- स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षक सेवा आयोगले प्रकाशन गरेको करार सूचीमा रहेका उम्मेदवारहरुलाई पहिलो प्राथमिकता दिने र सो उपलब्ध हुन नसकेमा शिक्षक  छनौट समितिद्वारा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार छनौट परीक्षा लिई  गरेको  सिफारिस भएका लाई नियुक्ति गर्ने । (उद्देश्य १) ।
- स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तयार पार्ने । (उद्देश्य २) ।
- विषयगत दक्षता भएका र प्रशिक्षण अनुभव भएका शिक्षकबाट विद्यालय सुपरीवेक्षण गर्न लगाई शिक्षकहरुको पेशागत विकासमा सहयोग गर्ने । (उद्देश्य २) ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको बृति बिकासलाई विद्यार्थीको सिकाइसँग आवद्ध गर्ने । (उद्देश्य २) ।
- शिक्षक नियुक्ति, सरुवा, तालिमको व्यवस्थापन गर्दा विद्यार्थीको सिकाइमा कुनै पनि अवरोध नहुने पद्धतिको विकास गर्ने ।  (उद्देश्य २)

**४.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ ।

**नतिजा**

- विभिन्न तहका शिक्षकमा प्रवेशका लागि हालको न्युनतम शैक्षिक योग्यता पुनरावलोकन तथा सुधार हुने
- शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित हुने ।

- पेशागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने ।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भएको हुने।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | | ५३ | ५३ | ५३ | ५३ | ५३ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | | ५० | ६५ | ७५ | ८५ | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | | ३५ | ३७ | ३९ | ४१ | ४३ |

**४.२.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| २ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |

### ४.३ शैक्षिक समता र समावेशिकरण

नेपाल विविधताले भरिपूर्ण देश हो। आलिताल गाउँपालिका पनि यसै देशको एउटा स्थानीय तह भएकाले यहाँ पनि विविधता रहेको पाइन्छ । व्यक्तिले आर्थिक र सामाजिक रूपमा कमजोर भएकै कारण शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित हुनुपरेको अवस्था हुन सक्छ । केही विद्यार्थीहरुले विचैमा पढाइ समेत छोडेको पाईन्छ । सबैको शिक्षामा पहुँच पुग्राउन नेपालको संविधान, शिक्षा ऐन तथा नियमावलीमा समेत व्यवस्था गरिएको छ । विगतमा कार्यान्वयन भएका सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सहश्राब्दी विकास लक्ष्य, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य लगायतका विभिन्न शैक्षिक योजना तथा कार्यक्रमहरुले समेत समावेशी शिक्षालाई समावेश गरेका छन । विभिन्न समयमा यस सम्बन्धी नीतिगत एवं संस्थागत प्रयास भएका छन। यस गाउँपालिका अन्तर्गत आर्थिक तथा सामाजिक रुपले पछाडी परेका वर्गको पहुँच पुग्राउनको लागि यो गाउँ शिक्षा योजनाले केही नीतिगत प्रावधानहरु राखेको छ।

#### ४.३.१ वर्तमान अवस्था

आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सूचीमा आईसकेपछि आर्थिक रुपमा पछाडी परेको वर्गको शिक्षामा पहुँच पुग्राउन र समावेशी शिक्षालाई कार्यान्वयन गर्नु अब स्थानीय तहको प्रमुख जिम्मेवारी आएको छ । हाल आलिताल गाउँपालिका अन्तर्गत अपाङ्गता विद्यार्थीहरुको अध्ययनका लागि आवासीय व्यवस्थासहितको शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गर्ने विद्यालय रहेको छैन। उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडी परेका बर्गको पहुँच/समावेशी शिक्षा क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरिएका छन।

- सबै माध्यमिक विद्यालयमा छात्रावासहरुको उपयुक्त व्यवस्थापन गर्न।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउन।
- सबै बालबालिकको माध्यमिक शिक्षामा पहुँच पुग्राउन।
- शिक्षामा समावेशिता सुनिश्चितता गर्न।

#### ४.३.२ उद्देश्य

- माध्यमिक तहसम्मको शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउनु।
- शिक्षामा सबैको समावेशिता सुनिश्चितता गर्नु।

#### ४.३.३ रणनीति

- आर्थिक तथा सामाजिक रूपले पछाडी परेका बर्गको शिक्षामा पहुँच सुनिश्चिचित गर्न छात्रवृति लगायत थप आर्थिक सहुलियत प्रदान गर्ने (उद्देश्य १,२ र ३)
- आर्थिक रूपमा कमजोर बालबालिकाका अभिभावकहरूलाई आयआर्जनका लागि सिप बिकास तालिम प्रदान गरी स्वरोजगार बनाउनुका साथै उनीहरूलाई स्थानीय रोजगारी उपलब्ध गराउने (उद्देश्य १,२ र ३)
- सूविधासम्पन्न आवासीय विद्यालय विकास गर्ने (उद्देश्य १,२ र ३)
- विशेष शिक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार र जनशक्तिको विकास गर्ने (उद्देश्य १,२ र ३)

#### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएका हुनेछन।
- माध्यमिक शिक्षासम्म समावेशिताको आधारमा छात्रवृत्ति वितरण भएको हुनेछ।

**नतिजा**

- आर्थिक रुपमा कमजोर बालबालिकाका अभिभावकहरु स्थानीय रोजगारीमा सहभागी भै आयस्तर बढेको हुने ।
- गाउँपालिका अन्तर्गत रहेका छात्रावासहरुको उपयुक्त व्यवस्थापन भएको हुने ।
- विद्यालयमा विद्यार्थी भर्नादर उल्लेख्य रुपमा बढेको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष**

| | शिक्षामा समता र समावेशिकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | | ० | ० | ० | ० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | | १.०१ | १ | १ | १ | १ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | | **१.१४** | **१.१०** | **१.०५** | **१.००** | **१.००** |

**४.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ५ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | अपाङ्गतामैत्री विद्यालय सङ्ख्या | सङ्ख्या | २० | २३ | २८ | ३२ | ३७ | ४३ | ४३ | |

## ४.४ बिद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

- प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले दिवा खाजाका लागि अनुदान दिने गरेको छ।
- सामुदायिक विद्यालयमा ५ कक्षासम्म अध्ययनरथ सबै बालबालिकाहरुले विद्यालयबाट खाजा प्राप्त गर्दछन र खाजा ब्यबस्थापन समितिले खाजाको व्यवस्थापन गर्दछ।
- सबै सामुदायिक विद्यालयमा सरसफाइ तथा स्वच्छताको उचित प्रवन्ध मिलाईएको छ।
- विद्यालयलाई उपलब्ध गराईने प्रति विद्यार्थी खाजाको रकम प्रयाप्त नभएको।
- एक आ.व. मा १८० दिनका लागि दिवाखाजा अनुदान दिने गरेको छ।

### ४.४.२ उद्देश्य

- बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.३ रणनीति

- दिवा खाजा कार्यक्रमलाई क्रमशः बिस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने बिभिन्न सुविधाहरु विस्तार गर्ने।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको उचित व्यवस्थापन गर्ने।
- विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरुलाई प्राथमिकता दिने।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने।
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | | ९९ | ९९ | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | | ९९ | ९९ | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-५ | १-५ | १-५ | १-५ | १-८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ३० | ३२ | ३५ | ३८ | ४३ | ४३ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ३६ | ३७ | ३८ | ३९ | ४३ | ४३ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १ | १ | ३ | ५ | ७ | ९ |

**४.४.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | भौतिक | कैफियत |
|---|---|---|---|---|---|

| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | लक्ष्य (१० वर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रवन्ध | पटक | ० | १ | ० | ० | ० | १ | १ | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | पटक | ० | १ | १ | १ | १ | ४ | ८ | |
| ४ | बिद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | जुकाको औषधि र फोलिक एसिड विद्यालयलाई प्रदान | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ११ | बिद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | ० | १ | ० | ० | १ | २ | ४ | |

## ४.५ विद्यालय सुरक्षा विपत न्युनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

आलिताल गाउँपालिका भौगोलिक हिसाबले तुलनात्मक रुपमा बढी जोखिमपुर्ण अबस्थामा भएकोले कुन बेला के हुन्छ भन्ने कुरा अनुमान गर्न गाह्रो छ । विगतमा बिभिन्न समयमा हाम्रो देशले विभिन्न आपतकालीन समस्याहरु भोग्दै आइरहेको छ । यसको प्रभाव तथा असर प्रत्यक्ष रुपमा शिक्षाक्षेत्रमा परिरहेको छ । बिशेष गरी बि.सं. १९९० को महाभूकम्प त्यस्तै २०७२ सालको महाभूकम्प र २०७६ सालमा देखापरेको कोभिड-१९ ले बिशेष गरी शिक्षा क्षेत्रमा ठूलो असर पारेको छ । यी विभिन्न आपतकालीन अवस्थालाई मध्यनजर गर्दै शिक्षा क्षेत्रलाई सुरक्षित शिक्षण सिकाइ वातावरण निर्माण गर्नको लागि आलिताल गाउँपालिकाले दश बर्षे गाउँ शिक्षा योजनामा विद्यालय सुरक्षा बिपत न्युनीकरण तथा उत्थानशीलता सम्बन्धी कार्यक्रम समावेश गरी शिक्षालाई निरन्तर दिने र बैकल्पिक विधि र माध्यमबाट शिक्षाको विकास गर्ने गरी योजना बनाइएको छ ।

### ४.५.२ उद्देश्यहरु:

- विपतकालीन समयमा विद्यार्थीको जीवनलाई सुरक्षित गर्नु ।
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
- आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.५.३ रणनीतिः

- विद्यालयमा अब बन्ने भौतिक पुर्वाधार भूकम्प प्रतिरोधी निर्माण गरिने छ।
- विपदबाट जोगिनका लागि विद्यार्थीहरुमा जनचेतना कार्यक्रम कार्यान्वयन गरिने छ।
- विपदको अवस्थामा शिक्षालाई निरन्तरता दिन वैकल्पिक विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप अगाडी बढाइनेछ।
- विपद व्यवस्थापनका लागि प्रत्येक वडामा आपतकालीन संयन्त्रको निर्माण गरिने छ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि चाहिने सामग्रीहरुको व्यवस्थापन गरिने छ।
- प्रत्येक विद्यालयमा आपतकालीन कोषको निर्माण गरिने छ।
- रेडक्रससँग समन्वय गरेर उद्धार र राहतसम्बन्धी तालिम सञ्चालन  गरिने छ।
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरीने छ।
- E-learning सिकाइमा पहुँच  गरिने छ।

### ४.५.४ प्रमुख उपलब्धि तथा  नतिजा

**उपलब्धिः**

- विद्यालयमा विपद उत्थानशील भौतिक निर्माण तथा सुविधाको ब्यबस्था भएको हुनेछ ।
- विद्यालयमा विपद उत्थानशील संयन्त्रण तथा नीति नियम भएको हुने।
- आपतकालीन तथा सङ्कटपूर्ण अवस्था पनि बैकल्पिक व्यवस्था अनुसार शिक्षा निरन्तरता भएको हुनेछ।
- जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षालाई संस्थागत भएको हुने छ।

**नतिजाः**

- विद्यालयका भौतिक संरचना बिपद उत्थानशील हुनेछ।
- विद्यालयमा विपदका समयमा प्रतिक्रिया गर्नका लागि द्रुत गतिको प्रतिक्रिया समिति गठन गरनेछ।
- द्रुत गतिको प्रतिक्रिया समिति पदाधिकारीलाई क्षमता विकास भएको हुनेछ।
- विद्यालयमा आपतकालीन कोषको स्थापना भएको हुनेछ।
- विद्यालयमा प्राथमिक उपचार तथा उद्धार गर्ने सामग्रीको व्यवस्था भएको हुनेछ।
- विपद कार्ययोजना तयारी गरी लागु भएको हुनेछ।
- वैकल्पिक विधिको माध्यमबाट शिक्षण सिकाइ भएको हुनेछ।
- घुम्ती तथा टोल शिक्षा सञ्चालन भएको हुनेछ।
- घरमा कक्षा (Home Schooling) सञ्चालन भएको हुनेछ।
- बालबालिका जोखिम न्यूनीकरण प्रति सचेत हुने र जोखिम न्यूनीकरणमा समुदायमा भुमिका खेल्ने बारेमा क्षमताको विकास भएको हुनेछ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड | | ९ | ९ | ९ | ९ | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | | | | | | |
| २ | हरित विद्यालय सङ्ख्या | ० | १५ | २२ | २८ | ३५ | ४३ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | २७ | ३३ | ३७ | ४१ | ४३ |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८५ | २०८५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | ० | १ | ० | ० | ० | १ | २ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता बिकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ४ | शिक्षक तथा वि व्य स तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विपद प्रतिरोधी विद्यालय सङ्ख्या | पटक | ० | २५ | ३० | ३५ | ४१ | ४३ | ४३ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति बिद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ ।

राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ।

**४.६.१ वर्तमान अवस्था**

- यस गाउँपालिकामा जम्मा ४३ वटा सामुदायिक विद्यालय रहेका छन् , प्राय सबै विद्यालयका कक्षाकोठाहरु पक्की नै रहेका छन्।
- थोरै विद्यालयमा मात्र पुस्तकालय कोठा, प्रयोगशाला कोठाको अभाव रहेको छ।
- पुर्ननिर्माण गर्नुपर्ने विद्यालय संख्या ५ वटा रहेका छन।
- विद्यालयका प्राथमिकता प्राप्त सक्षमता भित्र रहेका कक्षाकोठा तथा छात्राका लागि बेग्लै शौचालयको प्रवन्ध समेत पुरा भएका विद्यालयहरू ३३ वटा रहेका छन्।
- केही विद्यालयमा भौतिक पुर्वाधार निर्माण गर्नुपर्ने देखिन्छ।

**४.६.२ उद्देश्य**

- विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
- सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु।
- जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु।

**४.६.३ रणनीति**

- भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने।
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने।
- विद्यालय पूर्वाधार विकासका लागि संघ. प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने।
- विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सवलिकरण तथा पुर्ननिर्माण एवम् मर्मत संभार गर्ने।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।

**४.६.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

- सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।
- विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने।

**नतिजा**

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | | ३५ | ३८ | ४० | ४१ | ४३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सङ्ख्या | | ५ | ६ | ७ | ८ | ९ |
| ३ | सवलिकरण गर्नु पर्ने कक्षाकोठा सङ्ख्या | | ५ | ० | ० | ६ | ३ |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सङ्ख्या | | २ | ३ | ४ | ५ | १४ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सङ्ख्या | | ५ | ६ | ७ | ८ | ९ |

### ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | सङ्ख्या | २ | २ | ३ | ४ | ४ | १५ | ३० | |
| २ | विद्यालयहरूको सवलिकरण | सङ्ख्या | ० | ३ | २ | १ | १ | ७ | १५ | |
| ३ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय सङ्ख्या | ० | ४ | २ | २ | ३ | ११ | २५ | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | ० | ३५ | ३६ | ३८ | ४१ | ४३ | ४३ | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | ० | २० | २३ | २५ | २८ | ३० | ५३ | |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | ५ | ३ | ४ | ४ | ५ | २१ | ४३ | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रूजुसूची भर्ने | | ० | ४३ | ४३ | ४३ | ४३ | ४३ | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

सूचना प्रविधि भन्नाले ध्वनि, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतिय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ । आजको युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिले शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रुपमा अघि बढाएको छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । यसले सूचनाको पहुँचमा वृद्धि गर्छ । शिक्षक तथा विद्यार्थीले शैक्षिक आवश्यकताका लागि छापिएका पुस्तकहरुमा मात्र भरपर्नु पर्ने आवश्यकताको अन्त्य भएको छ । उनीहरु आफ्नो आवश्यकताको पूर्तिका लागि इन्टरनेट तथा वेभसाइटहरुको उपयोग गर्न सक्ने भएका छन । सयौं व्यक्तिहरुले एकै पटक कुनै पनि समय कुनै ठाउँबाट कुनै पनि सामग्रीलाई हसिल गर्न सक्छन । अब सिकाइलाई अनलाइन पाठ्यवस्तुको

माध्यमबाट चौविसै घण्टा हेर्न सकिन्छ । सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइले विद्यार्थीहरु एकै ठाउँमा भेला हुनु पर्ने अवस्थाको अन्त्य भएको छ । भौगोलिक, सामाजिक, साँस्कृतिक तथा पूर्वाधारहरुको अभावका कारण औपचारिक तवरबाट शिक्षा दिन नसकिने अवस्था अव रहेन । यसका लागि रेडियो, टेलिभिजन, भर्चुअल विद्यालय, भर्चुअल विश्वबिद्यालयको माध्यमबाट शिक्षा हासिल गर्न सकिन्छ । शैक्षिक विकासका लागि सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका रहने गरी यस योजनामा समावेश गरिएको छ ।

**४.७.१ वर्तमान अवस्था**

नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ र विज्ञान तथा प्रविधि नीति, २०७६ ले समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरु उल्लेख गरेको छ । सूचना प्रविधिको तिब्र विकासले नेपाल जस्ता अल्पबिकसित मुलुकहरुलाई शिक्षा, स्वस्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्न सुअवसरहरु प्रदान गरेको छ । यस प्रविधिको व्यापक प्रयोगबाट कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, बिकेन्द्रिकरण, आर्थिक्र अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो, तथा कम खर्चिलो ढंगबाट प्रदान गर्न सकिन्छ । यस अर्थमा सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्न एउटा सशक्त पूर्वाधारको रुपमा समेत स्थापित हुन सक्ने देखिन्छ । आलिताल गाउँपालिकाका अधिकांस माध्यमिक विद्यालयहरुमा सूचना तथा प्रविधि प्रयोगशालाको स्थापना भएको छ । सम्पूर्ण सामुदायिक विद्यालयहरुमा ईन्टरनेट सुविधाको विस्तार गर्न सकिएको छैन भने अधिकांश संस्थागत विद्यालयहरुमा समेत ईन्टरनेट सुविधाको विस्तार गरिएको छ । सबै विद्यालयहरुमा कम्पुटर तथा प्रिन्टरको व्यवस्था गरिएको छ । केही विद्यालयहरुले स्मार्ट बोर्डको व्यवस्थापन समेत गरेका छन । विद्यालयहरुका विभिन्न कक्षाहरुमा कम्प्युटर विषयको शिक्षण गरिएको पाईन्छ । शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोगलाई अर्थपूर्ण रुपमा हेर्न थालिएको छ । कक्षा कोठामा प्रबिधिको प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अबधारणाको सुरुवात भएको पाइन्छ । द्रुतगतिमा विकास हुँदै गएको प्रविधिले थुप्रै अवसर र चुनौतीहरु ल्याएको छ । हाल शिक्षा क्षेत्रमा पनि विद्यालयका प्रशासनिक काम, नतिजा निर्माण कार्य, पावर प्वाइन्ट निर्माण गरी प्रोजेक्टरको माध्ययमबाट अध्यापन गर्ने शैक्षिक कार्य सामान्य रुपमा प्रयोग आएको पाइन्छ । केन्द्रिय शैक्षिक तथ्याङ्कमा जोड्नको लागि हाल एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को विकास गरिएको छ र त्यसको पूर्णतया उपयोग हुन नसकिएको अवस्था छ । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा शिक्षामा सूचना प्रविधि क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरिएका छन ।

- सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत संरचना जस्तै विद्युत, ईन्टरनेट कनेक्टिभिटी, आदिको विस्तार तथा सबै विद्यालयमा स्थापना गर्न ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याब, डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास गर्न ।
- सूचना तथा सञ्चार प्रविधिक सम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि दक्ष जनशक्तिको विकास गर्न ।
- अन्तर्क्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँच पुर्याउन ।
- बिभिन्न किसिमका अपाङ्गताको लागि प्रयोग हुने गरी सामग्री विकास र प्रयोग गर्न ।
- सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली र लेखा प्रणालीको विकास गर्न ।
- विभिन्न तहका ईन्टरनेट प्रदायक संस्थाहरुसँग समन्वय र सहकार्य गर्न ।

**४.७.२ उद्देश्यहरू**

- सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच वृद्धि गर्नु ।

- विश्वब्यापी रुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेट मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गर्नु ।
- अध्ययन एवम् शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु ।
- गाउँस्तरको शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शि र समतामूलक बनाउनु ।

**४.७.३ रणनीति**

शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

- ICT को पूर्वाधारको रुपमा रहेको विद्युत, कम्प्युटर र इन्टरनेट प्रत्येक विद्यालयमा जडान गर्ने (उद्देश्य १)
- कम्प्युटर, ई–पुस्तकालय तथा ICT ल्याव स्थापना गर्ने (उद्देश्य २ र ३)
- विद्यालयमा कार्यरत जनशक्तिलाई ICT तथा Smart Board को प्रयोग सम्बन्धी आधारभूत तालिमको व्यवस्था गर्ने (उद्देश्य २ र ३)
- विद्यालयहरुलाई शैक्षिक व्यवस्थापन सूचना प्रणालीको बढी भन्दा बढी प्रयोग गर्न प्रोत्साहित गर्ने (उद्देश्य २ र ३)

**४.७.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

- विभिन्न आधारभूत तथा माध्यमिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना भई विद्यालयको प्रशासनिक, शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा प्रयोग गरिएको हुनेछ ।

**नतिजा**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भै सबैको पहुँच पुगेको हुने ।
- बिभिन्न कक्षा तथा विषयका शिक्षकहरुको शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास भएको हुने ।
- सबै माध्यमिक विद्यालयहरुले अनिबार्य रुपमा सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने ।
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुने ।
- सूचनामा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको अधिकतम प्रयोग भएको हुने ।
- सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा प्रविधिको प्रयोगको विस्तार भएको हुने ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सङ्ख्या | | ३५ | ३९ | ४० | ४३ | ४३ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय | | १२ | १३ | १५ | १६ | १७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | | | |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | | २ | ४ | ६ | ८ | ९ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | | १५ | २० | २५ | ३० | ३५ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | | २३ | २५ | ३० | ३७ | ४३ |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी ई लाइब्रेरी स्थापना | विद्यालय | १ | २ | २ | २ | २ | ९ | १७ | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | ३५ | ३५ | ३९ | ४० | ४३ | ४३ | ४३ | |
| ३ | शिक्षकहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ४ | १० | |
| ४ | प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | १ | १७ | १८ | १९ | २१ | १३ | ४३ | |
| ५ | IEMIS व्यवस्थापन | | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | |

# परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

**परिचयः**

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सवल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्ने, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्ने, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्ने, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्ने, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वियनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रवन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरि ७ वटा उपशिर्षकहरुमा बिभाजन गरि विश्लेषण गरिएको छ ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ वर्तमान अवस्था

- पालिका ऐन, कार्यविधि, तथा मापदण्डको विकास गरेको ।
- पालिका तथा विद्यालयमा आवश्यक जनशक्तिको व्यवस्थापन गरेको ।
- विद्यालयको उचित व्यवस्थापनमा जोड दिएको ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन गरेको ।
- समय समयमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरेको ।

### ६.१.२ उद्देश्य

- स्थानी तहमा आबश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
- जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

### ६.१.३ रणनीति

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।

- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने।
- कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने

### ६.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
- संस्थागत क्षमता अभिवृद्धि भै उत्तरदायित्व तथा जिम्मेवारीमा बृद्धि भएको हुनेछ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन भै प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | ० | ९ | ९ | ९ | ९ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | ० | ३० | ३१ | ३२ | ३४ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | | ४२ | ४३ | ४३ | ४३ | ४३ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक | | ९ | ९ | ९ | ९ | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | | | | | | |

### ६.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रवन्ध तथा मापदण्ड विकास | पटक | ० | १ | ० | ० | ० | १ | | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | ० | १ | १ | १ | १ | ४ | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | | ० | ४३ | ४३ | ४३ | ४३ | ४३ | | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याकंन गर्ने, गराउने | | ० | ४३ | ४३ | ४३ | ४३ | ४३ | | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

योजना कार्यान्वयनको प्रवन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्व पर्दछन्। नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ।

### ६.२.१ वर्तमान अवस्था

आलिताल गाउँपालिकामा निम्न विषय क्षेत्रहरुको आधारमा शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने व्यवस्था गरिएको छ।

- पालिकामा विद्यालयमा जनशक्तिको उचित व्यवस्थापन गरिएको।
- शिक्षा योजना निर्माण गरी कार्यान्वयनको लागि आवश्यक रणनीति बनाईएको।
- आवश्यक स्रोत साधनको व्यवस्थापन गरिएको।
- ऐन, नियम, कार्यबिधि निर्माण गरी कार्यान्वयनमा ल्याईएको।
- चुनौती तथा अवसरहरू विश्लेषण गरी कार्यान्वयन गर्न सकिने क्रियाकलापहरु मात्र समाबेश गरिएको।

### ६.२.२ उद्देश्य

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।

### ६.२.३ रणनीति

- संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको बिवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।
- विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउँने।
- विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
- बित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।
- सामुदायिक सिकाइ  केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप बिकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने।

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजा**

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

### ६.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | एकिकृत शैक्षिक सूचना प्रणाली सृदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

**परिचयः**

कुनै पनि योजना सफल रुपमा कार्यान्वयन गर्नको लागि आर्थिक स्रोतको सहि पहिचान र परिचालन गर्नुपर्ने आवश्यकता रहन्छ । त्यसै गरी आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गर्न तथा बढ्दो जन आकांक्षा र आवश्यकताहरुलाई कुनै पनि योजनाले सम्बोधन गर्नै पर्दछ र त्यसरी सम्बोधन गर्दा निश्चित रुपमा विगतका उपलब्धि र अनुभव एवं वर्तमानको आवश्यकता र भविष्यको दृष्टिकोण र लक्ष्यको आधारमा केही पूरानो कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने तथा कतिपय नयाँ कार्यक्रमहरु थप गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा यो योजनामा पूराना तथा नयाँ कार्यक्रमहरुलाई समावेश गर्ने गरी यो वित्तिय योजना निर्माण गरिएको छ । विशेष गरी आधारभूत तथा माध्यमिक शिक्षामा गाउँपालिकाले जोड दिनुपर्ने देखिन्छ । शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राष्ट्रको दीर्घकालिन हितको लागि हुन्छ । नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने व्यवस्था गरिएको छ । त्यसलाई कार्यान्वयन गर्नको लागि समेत यस योजनाले विशेष वित्तीय व्यवस्थापन गर्नुपर्ने देखिन्छ । शिक्षामा पर्याप्त लगानी गर्दा समतामूलक र न्यायमूलक समाज निर्माणमा बिशेष सहयोग पुग्ने देखिन्छ । संघ तथा प्रदेशसँग समन्वय गरी वर्तमान समयको आवश्यकता बमोजिम शिक्षामा वजेट व्यवस्थापन गर्नु आवश्यक छ । शिक्षामा आवश्यक पर्ने आर्थिक स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा विनियोजन गर्ने, विनियोजन गरेपश्चात कसरी खर्च गर्ने र खर्च गरिएको क्षेत्रको उपलब्धि के कस्तो रहने जस्ता विषयहरु समेत योजनामा समावेश गर्न खोजिएको छ ।

**७.१ वर्तमान अवस्था**

शिक्षामा लगानी बढाउनुपर्छ भनेर गाउँपालिकाका बिभिन्न नीति तथा योजनाहरुमा समाबेश गरिएको पाईन्छ । गाउँपालिकाले पनि शिक्षा क्षेत्रलाई बिशेष प्राथमिकता दिएको पाईन्छ । यसरी हेर्दा गाउँपालिकाले शिक्षा क्षेत्रलाई विकासको प्रमुख पूर्वाधारको रुपमा अङ्गिकार गरेको पाईन्छ । त्यसैगरी शिक्षामा घरपरिवारको अप्रत्यक्ष तथा प्रत्यक्ष लगानी तथा निजी क्षेत्रको लगानी समेत उल्लेख्य रुपमा रहेको पाईन्छ । स्थानीय सरकारले शिक्षामा गरेको प्रशासनिक र व्यवस्थापकीय लगानी समेत महत्वपूर्ण रहेको छ । हाल संघीय सरकारबाट सार्बजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिएको छ । त्यसैगरी सामुदायिक विद्यालयहरुमा बिभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था गरिएको छ । पूर्व प्राथमिक कक्षा देखि ५ सम्म दिवा खाजाको व्यवस्था गरिएको छ भने कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि स्यानिटरी प्याडको ब्यबस्था गरिएको छ । आलिताल गाउँपालिकाले आधारभूत शिक्षालाई निःशुल्क बनाउनका लागि बार्षिक नीति, वजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ । शिक्षामा गरिने लगानीलाई मानव संशाधन विकासको प्रमुख लगानीको रुपमा लिईन्छ । विद्यालय शिक्षामा गरिने लगानी तथा स्रोत विकास सम्बन्धी विश्लेषणका आधारमा देहाय बमोजिमका चुनौतिहरु पहिचान गरिएका छन ।

- विद्यालय शिक्षामा लगानी वृद्धि र दिगो स्रोतको व्यवस्थापन गर्ने ।
- गाउँपालिकालाई शिक्षामा बजेट विनियोजनका लागि जिम्मेवार बनाउने ।
- निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीलाई सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक बनाउने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा अध्ययन गर्ने विद्यार्थी संख्याको वृद्धि गर्ने ।
- शिक्षासँग सम्बन्धित शैक्षिक संघ संस्थाहरुलाई शिक्षामा लगानी गर्न प्रोत्साहित गर्ने ।
- सूचना तथा सञ्चार प्रविधि मैत्रि शिक्षण प्रणालीको व्यवस्थापन गर्ने ।
- विद्यार्थीको पढाइको अबस्थामा सुधार हुने गरी आबश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्ने ।

- शिक्षालाई समावेशी बनाउन आर्थिक सामाजिक रुपमा पछाडी परेका, विपन्न तथा सिमान्तीकृत र अपाङ्ता भएका बालबालिकाहरुको पहुँच, सहभागीता र गुणस्तरीयता सुनिश्चित गर्ने ।
- विद्यालयको संस्थागत क्षमता विकास गर्ने

**७.२ उद्देश्य**

- योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक वजेटको प्रक्षेपण गर्नु
- विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक बित्तीय स्रोत पहिचान गर्नु
- उपलब्ध सम्भाबित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमहरुको प्राथमिकता क्रम तोकी कार्यक्रमगत वजेट निर्धारण गर्नु
- खर्चको प्रक्रिया, भूमिका र दायित्व स्पष्ट पार्नु
- लगानी उपयोगको जानकारी लिने उपयुक्त विधि, प्रक्रिया उपयुक्त पद्धतिको विकास गर्नु

**७.३ रणनीति**

- गाउँ सभालाई शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखि बजेट छुट्याउने गरी कार्यक्रमहरुको प्रस्ताव गर्ने (उद्देश्य १)
- शिक्षकहरूको क्षमता विकासका लागि पालिकास्तरीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने र गाउँस्तरीय क्षमता विकासका लागि आवश्यक बजेट स्थानीय सरकारको लगानीमा गर्ने (उद्देश्य १ र २)
- सामुदायिक विद्यालयमा कार्यरत निजी शिक्षकहरुको लागि तलब भत्ता र शिक्षक प्रोत्साहन बाफतको रकम गाउँपालिकाले आफ्नो स्रोतबाट व्यवस्था मिलाउने (उद्देश्य १ र २)
- प्राबिधिक तथा व्यावसायिक शिक्षाको विकास गर्न पालिकाले आफ्नो लगानीमा अन्य विद्यालयहरूमा विस्तार गर्ने (उद्देश्य १ र २)
- उच्च शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाहरुलाई व्यवस्थापन तथा क्षमता विस्तारका अनुदान रकमको व्यवस्था गर्ने (उद्देश्य १ र २)
- संघीय र प्रदेश सरकारबाट प्राप्त भइरहेको शशर्त कार्यक्रमहरूको निरन्तरता दिंदै यी कार्यक्रमको सङ्ख्यात्मक विस्तारका लागि पहल गर्ने (उद्देश्य १,२ र ३)
- संघीय र प्रदेश सरकारबाट समेट्न नसकेका कार्यक्रमहरुको हकमा शशर्त नै कार्यक्रम विस्तार गर्न संघीय र प्रदेश सरकारलाई पहल गर्ने (उद्देश्य १,२ र ३)
- भौतिक पुर्वाधार र विकासका लागि संघीय सरकारको ६०% र प्रदेश सरकारको ४० % लगानी गर्ने प्रवन्ध मिलाउने (उद्देश्य १,२ र ३)
- विद्यालयहरुलाई अनुदान प्रदान गरिए पश्चात लक्षित गुणस्तर सुनिश्चितका लागि सम्बन्धित विद्यालयलाई नै जिम्मेवार बनाउने (उद्देश्य ४ र ५)
- विद्यालयहरुलाई अनुदान प्रदान गर्नुपूर्व जुन शिर्षकमा अनुदान प्रदान गरिएको छ त्यसको खर्चको आधार तथा कार्यविधि तोक्ने (उद्देश्य ४ र ५)
- विद्यालयका सम्पूर्ण आर्थिक क्रियाकलापहरु सफ्टवेयरमा आधारित बनाउने (उद्देश्य ४ र ५)
- तोकिएकै शिर्षकमा रकम खर्च गर्न विद्यालयहरुलाई निर्देशन दिने (उद्देश्य ४ र ५)
- विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब उपलबध गराउने
- कम्प्युटर प्रयोगशालाको विस्तार गर्न संघीय, प्रदेश सरकार मार्फत पहल गर्ने छ र सो बाट अपुग रकम गाउँपालिकाले व्यवस्थापन गर्ने (उद्देश्य १,२, ३ र ४)

- शिक्षा क्षेत्रको शैक्षिक, भौतिक तथा प्रशासनिक विकास तथा गुणस्तरको लागि गाउँपालिकाले आफ्नो समानीकरण अनुदानको कम्तिमा २० प्रतिशत लगानी गर्ने (उद्देश्य १,२, ३ र ४)

**७.४ स्रोतको अनुमान र विश्लेषण**

आवश्यकता र सामर्थ्यका आधारमा स्रोतको अनुमान तथा विश्लेषण गरिन्छ। नागरिकका अपेक्षा, स्थानीय तहको आवश्यकता र वर्तमान समयको माग बमोजिम स्रोतको छनौट गरिन्छ । त्यसै पहिलो वर्तमान नीति र अपेक्षाहरुलाई ख्याल गरी स्रोतको अनुमान र विश्लेषण गरिन्छ। नेपालको संविधान, २०७२, राष्ट्रिय शिक्षा नीति, २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली २०७७ आदिलाई समेत ख्याल गरेर बजेट तथा कार्यक्रमहरुको तयारी गर्नुपर्ने हुन्छ । यस बाहेक अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, प्राबिधिक तथा व्यावसायिक शिक्षा, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, दिवा खाजा जस्ता कुराहरुलाई समावेश गर्नुपर्ने देखिन्छ । त्यसैगरी दोस्रो स्रोतहरुको उपलब्धतालाई ख्याल गरेर बजेटको स्रोतको अनुमान र बिश्लेषण गरिन्छ। गाउँभित्र राजस्व, गाउँपालिकाको आन्तरिक आय र गाउँपालिकालाई संघीय सरकारबाट प्राप्त हुने समानीकरण जस्ता स्रोतहरुलाई नीति, कार्यक्रम तथा बजेट बनाउँदा ख्याल गर्नुपर्ने कुरालाई यस योजनाले जोड दिएको छ।

**७.५ प्रस्तावित कार्यक्रम तथा वजेट अनुमान**

वर्तमान समयको वजेट तथा कार्यक्रमहरु हेर्दा शिक्षामा समाजका आवश्यकता, मागहरु धेरै छन । विशेष गरी शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षा, अभिभावक शिक्षा, प्रारम्भिक कक्षाहरुमा पठन क्षमतामा वृद्धि, शिक्षकको पेशागत क्षमताको विकास जस्ता कुराहरुमा वजेट तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ। हाल शिक्षामा संघीय सरकार, प्रदेश सरकार, विभिन्न संघ संस्थाहरु लगायत, विभिन्न सामुदायिक क्षेत्रहरुले ठुलो लगानी गरेका छन। स्थानीय तहले पनि उक्त क्षेत्रलाई प्राथमिकतामा राख्न जरुरी छ। वर्तमान समयमा स्थानीय सरकारले आफ्नो क्षेत्राधिकार भित्रको शैक्षक प्रणालीमा सुधार गर्न भरपुर प्रयास गरीरहेको छ । बिद्यालयहरुमा शिक्षकको व्यवस्थापन, निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन गर्न थप अनुदान उपलब्ध गराउनु,बालविकास सहजकर्ताहरुका लागि प्रोत्साहन स्वरूप रकम उपलब्ध गराउनु ,शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन गर्नु, विद्यार्थीको प्रतिभा विकासमा सहयोग पुग्राउन विभिन्न कार्यक्रम, खेलकुद आयोजना गरिएका छन्। यसरी माथि उल्लेखित सम्पूर्ण क्षेत्रहरुलाई समावेश गर्ने गरी आगामि १० वर्षको लागि आलिताल गाउँपालिकाले शिक्षासँग सम्बन्धी प्रमुख क्षेत्रहरुमा संघीय, प्रदेश सरकारसँग र समानीकरण अनुदान अन्तर्गत रहने गरी बजेट तथा कार्यक्रमहरुको आधारमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरिएको छ।

**७.६ प्रमुख उपलब्धि**

**उपलब्धि**

- वि.सं. २०८९ सम्म गाउँपालिकाले समानीकरण वजेटमा शिक्षामा गर्ने लगानी २० प्रतिशत पुगेको हुनेछ ।
- आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क भएको हुनेछ।
- प्रविधिमैत्री शिक्षाको विकास भई शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ।
- शिक्षकहरुको पेशागत विकास भएको हुनेछ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, उत्तरदायित्व र जिम्मेवारी सुनिश्चित भएको हुनेछ।

## ७.७ प्रमुख क्रियाकलाप र लक्ष्य

## क) संघिय सरकारबाट प्राप्त हुने अनुमानित बजेट

**बजेट रु हजारमा**

| क्र.सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | १०७ | ७२४२४ | ७३८२४ | ७३८२४ | ७४८२४ | ७४८२४ | ३६९७२० | ७३९४४० |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान | १६ | १०४४४ | १२१४० | १२१४० | १३१४० | १३१४० | ६१००४ | १२२००८ |
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ८८ | १०३५२ | ११५२० | ११५२० | १२५२५ | १२५२५ | ५८४४२ | ११६८८४ |
| ४ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क | ४३ | ३४४८ | ३४४८ | ३४४८ | ३६४५ | ३६४५ | १७६३४ | ३५२६८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यपुस्तक अनुदान | | | | | | | | |
| ५ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ४३ | ७२९३ | ८११२ | ८११२ | ८११२ | ९१२० | ४०७४९ | ८१४९८ |
| ६ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ४३ | २६०० | २६०० | २६०० | ३००० | ३००० | १३८०० | २७६०० |
| ७ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २ | ९१० | ९१० | ९१० | १११० | १११० | ४९५० | ९९०० |
| ८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ४३ | १५३७ | १५३७ | २२३७ | २२३७ | २४५० | ९९९८ | १९९९६ |
| ९ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | १७ | १२३४ | १२३४ | १२३४ | १२३४ | १३२० | ६२५६ | १२५१२ |
| १० | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ४३ | १०७२ | १०७२ | ११७२ | १२७२ | १२७२ | ५८६० | ११७२० |
| ११ | विपद्का समयमा सिकाइ | ४३ | ८०० | ५०० | ६०० | ६०० | ८०० | ३३०० | ६६०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | | | | | | | | |
| १२ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | २०० | ९३७ | ९३७ | ११३७ | १२५६ | १५५६ | ५८२३ | ११६४६ |
| १३ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १७ | ९८२५ | ९८२५ | ९८२५ | ९८२५ | ९८२५ | ४९१२५ | ९८२५० |
| १४ | आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ६ | २७६९ | २७६९ | २७६९ | २७६९ | २७६९ | १३८४५ | २७६९० |
| १५ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | ४३ | ११५३ | ११५३ | १२२३ | १२२३ | १३२० | ६०७२ | १२१४४ |
| १६ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति | | ८५४ | ८०० | ८०० | ८०० | ८०० | ४०५४ | ८१०८ |
| जम्मा | | | १२७६५२ | १३२३८१ | १३३५५१ | १३७५७२ | १३९४७६ | ६७०६३२ | १३४१२६४ |

## ख) प्रदेश  सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित वजेट

**बजेट रु हजारमा**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | लक्ष्य | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | शौचालय | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० |
| २ | ICT व्यवस्थापन | ३ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५००० |
| ३ | विद्यालय भवन | २ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५०००० |

## ग) स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित वजेट

**बजेट रु हजारमा**

| क्र.सं | क्रियाकलाप | लक्ष्य | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | बाल विकास शिक्षक व्यवस्थापन | ५३ | ८००० | ८५०० | ८५०० | ८५०० | ९००० | ४२५०० | ८५००० |
| २ | शिक्षक  तालिम | २ | ० | ४०० | ४०० | ५०० | ६०० | १९०० | ३८०० |
| ३ | अतिरिक्त क्रियाकलाप सञ्चालन | २ | १०० | ३०० | ५०० | ५०० | ६०० | २००० | ४००० |
| ४ | राष्टपति रनिङ शिल्ड तथा खेलकुद प्रतियोगिता संचालन तथा व्यवस्थापन | २ | १८०० | २२०० | २६०० | २८०० | ३२०० | १२६०० | २५२०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालय सुपरिबेक्षण तथा शिक्षकको पेशागत सहयोग | ४३ | १०० | २०० | २५० | ३०० | ४०० | १२५० | २५०० |
| ६ | शिक्षक व्यवस्थापन र शैक्षिक गुणस्तर सुधार | ४३ | १६१६३ | १९००० | २२००० | २२००० | २४००० | १०३१६३ | २०६३२६ |
| ७ | शिक्षा विकास सम्बन्धी अन्य कार्यक्रम | १ | २५० | ४०० | ५०० | ५०० | ६०० | २२५० | ४५०० |
| ८ | शिक्षा समिति र प्र अ बैठक व्यवस्थापन | १ | २२० | २२० | ३०० | ३२० | ४२० | १४८० | २९६० |
| ९ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | १ | २०० | ३०० | ४०० | ४०० | ५०० | १८०० | ३६०० |
| १० | शैक्षिक क्यालेन्डर निर्माण | १ | ७५ | ७५ | ८० | ८० | ९० | ४०० | ८०० |
| ११ | विद्यालय कर्मचारी व्यवस्थापन | ५३ | ४९१४ | ६०२० | ६५२० | ६५२० | ७०२० | ३०९९४ | ६१९८८ |
| १२ | खेलकुद प्रशिक्षण | २ | ७५९ | ७५९ | ७५९ | ८२० | ८२० | ३९१७ | ७८३४ |
| १३ | स्थानीय बिषयको पाठ्यपुस्तक लेखन छपाई र व्यवस्थापन | ८ | ९०० | १००० | १२०० | १३०० | १३०० | ५७०० | ११४०० |
| १४ | कक्षा ८ को परिक्षा सञ्चालन र व्यवस्थापन | १ | ४०० | ५०० | ५०० | ६०० | ८०० | २८०० | ५६०० |
| १५ | प्र अ बैठक भत्ता | ६ | २०० | २५० | ३०० | ३०० | ३५० | १४०० | २८०० |
| १६ | मसलन्ध तथा कार्यालय सामग्री | १ | १०० | १५० | २०० | २५० | ३०० | १००० | २००० |
| १७ | विविध खर्च | १ | १५० | १५० | २०० | २०० | २५० | ९५० | १९०० |
| जम्मा | | | ३४३३१ | ४०४२४ | ४५२०९ | ४५८९० | ५०२५० | २१६१०४ | ४३२२०८ |

# परिच्छेद : ८ अनुगमन तथा मूल्याङ्कन

**परिचयः**

प्रभावकारी रुपमा योजनाको कार्यान्वियन भए नभएको हेर्नको लागि यसको पूर्णरुपमा कार्यान्वियन, अनुगमन र मूल्याङ्कनमा निर्भर रहन्छ । यस योजनालाई कार्यान्वियन, अनुगमन र मूल्याङ्कन गर्नुको उद्देश्य यस योजनाले राखेका दीर्घकालीन सोच र उद्दश्येहरू पूरा भए वा भएनन् भनी तथ्यमा आधारित निष्कर्ष निकाल्नु हो । गाउँपालिका, गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले यस योजनाको कार्यान्वयन गर्नेछ भने गाउँस्तरिय शिक्षा समिति लगायतका अन्य सम्बद्ध पक्षहरुले अनुगमन र मूल्याङ्कन निकायले पनि गर्न सक्नेछन।

**८.१ वर्तमान अवस्था**

- अनुगमन संयन्त्रको व्यवस्था।
- एकीकृत प्रतिवेदन प्रणालीको विकास।
- सहभागितात्मक तथा सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता।
- अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग विस्तार तथा व्यवस्थित।
- नतिजामा आधारित अनुगमन।
- शिक्षक सुपरिवेक्षण र पेशागत सहयोग।
- विद्यार्थी उपलब्धि परीक्षण।
- विद्यालय कार्यसम्पादन परीक्षण

**८.२ उद्देश्य**

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित सयन्त्रको विकास गर्नु।
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

**८.३ रणनीति**

- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने।
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने।
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रवन्ध गर्ने।
- योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने।
- अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी पालिकामा पेश गर्ने।

**८.४ कार्यनीति**

- गाउँ शिक्षा समितिले गाउँ शिक्षा योजना कार्यक्रमको कार्यान्वयनमा समन्वय, अनुगमन र मूल्याङ्कन गर्नेछ ।
- गाउँ शिक्षा समितिले योजना कार्यान्वयनको अनुगमनका लागि आवश्यकतानुसार विज्ञ व्यक्ति वा समूह परिचाललन गर्नेछ ।
- शिक्षा,युवा तथा खेलकुद शाखाद्वारा योजना अनुगमन तथा मूल्याङ्कनमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायत अन्य सरोकारवलाहरुलाई प्राविधिक सहयोग उपलब्ध गराइने छ ।
- प्रत्येक विद्यालयले चौमासिक मासिक रूपमा विद्यालय प्रगति प्रतिवेदन तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने व्यवस्था मिलाइने छ ।
- विद्यालयमा कार्यक्रम कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौति र मुद्दा हेर्न गाउँपालिकामा विशेष समिति रहने छ जुन समितिले विद्यालयको अनुगमन निरीक्षण गरी विद्यालयका समस्या तथा चुनौति मूल्याङ्कन गरी गाउँ शिक्षा समितिमा पेश गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्यालय शिक्षा योजनामा राखिएका अपेक्षित उपलब्धिहरुको अवस्था तथा कार्यक्रमको सूचकगत विश्लेषण र मूल्याङ्कन गर्ने परिपाटिको विकास गरिनेछ ।
- समग्र शैक्षिक कार्यक्रमको अध्ययन विश्लेषण गर्न शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा एक अनुसन्धान समिति गठन गरिने छ र अनुसन्धान प्रतिवेदनका आधारमा थप कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुशासन र पारदर्शिता कायम राख्न सामाजिक र आर्थिक लेखा परीक्षणका कार्यक्रम प्रभावकारी ढङ्गले परिचालन गरिनेछ
- प्रधानाध्यापक विद्यालयको प्राज्ञिक र प्रशासनिक व्यक्ति भएकाले विद्यालयमा कार्यक्रम कार्यान्वयन, शिक्षक परिचालन, विद्यालयका गतिविधिको मूल्याङ्कनमा प्रमुख जिम्मेवार बनाइनेछ ।
- विद्यालयमा सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई शैक्षिक व्यवस्थापनको अभिन्न अङ्गका रूपमा विकास गरी अनुगमन मूल्याङ्कनबाट प्रभावकारी कार्यन्वयनमा ल्याइनेछ ।
- विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरणमा गाउँपालिका भरी एकरूपता कायम गरिनेछ ।
- विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न छात्रवृति, पाठ्यपुस्तक, पोर्टफोलियो, प्रति विद्यार्थी लागतमा आधारित अनुदान उपलब्ध गराइने र त्यसको कार्यान्वयनमा जोड दिइने छ ।
- आवश्यकता अनुसार विद्यार्थीका अभिभावकहरुसँग अभिभावक शिक्षा सञ्चालन गरिनेछ ।

यस योजनाको प्रभावकारी कार्यन्वयनका लागि शिक्षा शाखा तथा गाउँ शिक्षा समितिले अगुवाई गर्नेछ । प्रत्येक शैक्षिक सत्रको अन्त्य सँगै गाउँ शिक्षा समितिले एक कार्यदल गठन गरी यस योजनामा उल्लेखीत सूचकहरुमा भएको प्रगति सम्बन्धमा फिल्ड अनुगमन तथा उपलव्ध तथ्याकहरुको विश्लेषण गरी प्रतिवेदन गाउँ शिक्षा समितिको बैठकमा छलफल गरी आवश्यक सुझाव सहित गाउँपालिका अध्यक्ष समक्ष प्रतिवेदन पेश गर्नेछ । उक्त कार्ययोजना बनाई कार्यान्वयन गर्न सम्बन्धित शाखालाई निर्देशन दिनेछ ।

## ८.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित सयन्त्रको विकास भएको हुनेछ ।
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

**नतिजा**

- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ।
- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

## ८.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | अनुगमन तथा मुल्याकंन संयन्त्र निर्माण | पटक | | १ | ० | ० | ० | १ | २ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू  तयार तथा अध्यावधिक गर्ने | पटक | | १ | ० | ० | ० | १ | २ | |
| ३ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | पटक | २ | ४ | ५ | ६ | ७ | २४ | ५० | |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ६ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | पटक | | १ | १ | १ | १ | ४ | ९ | |